
# स्थानीय संस्थागत क्षमता स्व-मुल्याङ्कन (LISA), स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कन (FRA) र आर्थिक विकास मुल्याङ्कन (LED) प्रतिवेदन

आ.व. २०८०/०८१

गोलन्जोर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली

# स्व-मुल्याङ्कन (LISA), स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कन (FRA) र आर्थिक विकास मुल्याङ्कन (LED) प्रतिवेदन २०८१




# सम्पर्क विवरण


www.golanjormun.gov.np

९८५४०४५१९३

https://twitter.com/Golanjorm

info@golanjormun.gov.np
golanjor.rm7@gmail.com

https://www.facebook.com/golanjormunicipal

https://www.youtube.com/channel/UCbd8V0A_SiWBuc3qYGgMCdQ

# सम्पादन मण्डल

## प्रमुख संरक्षक

शंकर राज बराल, अध्यक्ष

ज्वाला प्रसाद न्यौपाने (पुकार), उपाध्यक्ष

## प्रमुख सल्लाहकार

रेगन राज थापा, प्रवक्ता

चन्द्रकान्त चौधरी, प्रमुख प्रशासकीय अधिकृत

## प्रतिवेदन लेखन

ई.सविर विक्रम कार्की, सूचना प्रविधि अधिकृत, स्व मुल्याङ्कन सम्पर्क व्यक्ति
सरद प्याकुरेल, प्रशासन शाखा प्रमुख

## टाइपिङ्ग तथा लेआउट डिजाइन

बेल कुमार, एम.आई.एस अपरेटर

# विषय-सूचि


१ परिचय........................................................................................................१

१.१ गाउँपालिकाको भौगोलिक अवस्थिति..............................................................२

१.२ गोलन्जोर गाउँपालिकाको नामाकरण..............................................................३

१.३ स्व-मुल्याङ्कनको आवश्यकता........................................................................४

१.४ स्व-मुल्याङ्नको उद्धेश्य...................................................................................५

१.५ स्व-मुल्याङ्नको औचित्य...................................................................................५

१.६ स्व-मुल्याङ्नको परिसिमा.................................................................................६

१.७ सूचक संकलन प्रकृया.....................................................................................७

२ स्व-मुल्याङ्नको नतिजा विश्लेषण (LISA/FRA/LED) ..........................................८

३ सुधारात्मक पक्षहरु..........................................................................................९

४ सुधारका लागि कार्ययोजना.............................................................................१०

५ निष्कर्ष........................................................................................................११

६ अनुसुचिहरु...................................................................................................१२

७ प्रमाणिक आधारहरुको प्रतिलिपिहरु...................................................................१३

# परिचय

नेपाल सरकारको मिति २०७३।११।२७ मा स्थानीय तहको घोषणा भएपछि २०७४।१।३१ मा सम्पन्न स्थानीयतहको निर्वाचन पश्चात २०७४।२।८ गते पद वहाली भइ तत्पश्चात भएको स्थानीय तहको गठन पछि यस सिन्धुली जिल्लामा रहेका विभिन्न स्थानीय तहहरु मध्ये गोलन्जोर गाउँपालिका पनि एक हो । दीगो र योजनावद्ध विकासलाई अगाडि बढाउनका लागि वैज्ञानिक योजना पद्धतिको आवश्कता पर्दछ ।वैज्ञानिक योजना पद्धति निर्माणका लागि भरपर्दो तथ्याङ्कको अपरिहार्यता हुन्छ । त्यसैले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न र सम्भावनाहरूको खोजी गर्न सहि तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुनाले हाल स्थापित स्थानीय तहमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले संकलन गरी यो गाउँपालिका पाश्र्वचित्र तयार गरिएको छ । नेपालको संविधानको अनुसूची ८ अन्तर्गत स्थानीय तहको अधिकारको सूचिको क्रमसंख्या ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख तयार पार्ने अधिकार रहेको स्पष्ट उल्लेख गरेको छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा जारी गाउँ नगर वस्तुगत विवरण तयारी कार्यविधि २०७४ ले विकास योजना सम्बोधनका लागि गाउँपालिकाहरुले भौगोलिक, आर्थिक, सामाजिक, वातावरणीय, जनसांख्यिक सूचनाहरुलाई व्यवस्थित गर्नुपर्ने दायित्व उल्लेख गरेको छ । यसै प्रयोजनको लागि गाउँपालिकाको वस्तुस्थिति झल्कने गरी गाउँपालिका पाश्र्वचित्र तयार गरिएको हो ।

## १.१ गोलञ्जोर गाउँपालिकाको भौगोलिक अवस्थिति

१.२ संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको बागमती प्रदेश अन्तर्गत पर्ने सिन्धुली जिल्लाका साविक डुडभन्ज्याङ, वितीजोर, भुवनेश्वरी, तीनकन्या, रतनचुरा, बाशेश्वर र भिमेश्वर गरी ७ वटा गाउँ विकास समितिहरूलाईएकीकृत गरी ७ वटा वडा कायम गर्ने गरी नेपाल सरकारको मिति २०७३।११।२७ गतेको निर्णयले देशभरिका अन्य स्थानीय तह जस्तै यस गोलन्जोर गाउँ पालिकालाई स्थानीय तहको रूपमा लागू गरिएको हो । सिन्धुली जिल्लाका साविक गाउँ विकास समितिहरू वाशेश्वर, रतनचुरा र तीनकन्याको बीच भागमा पर्ने गोलन्जोर डाँडाको नामबाट यस गाउँपालिकाको नाम गोलन्जोर रहन गएको हो । गोलन्जोरडाँडा ऐतिहासिक र रमणीय भएकोले यस स्थानलाई पर्यटकीय स्थलको रूपमा विकास गरी जनताको आय आर्जन र जीवीकोपार्जनमा मदत पुर्याउने पवित्र उद्देश्यले भ्यु टावर निर्माण गर्ने कार्यक्रम राखिएको छ ।राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकाको जम्मा परिवार संख्या ४५२७ तथा कुल जनसंख्या १८७३७ रहेको छ।जसमा महिला ९२२९ र पुरुष ९५०८ रहेको छ। जन घनत्व १०२ जना प्रति वर्ग किमि रहेको देखिन्छ।

यस गाउँपालिकाको सिमानामा पूर्वमा फिक्कल गाउँपालिका र रामेछाप जिल्ला, पश्चिममा कमलामाई नगरपालिका र सुनकोशी गाउँपालिका, उत्तरमा रामेछाप जिल्ला र दक्षिणमा कमलामाई नगरपालिका र तीनपाटन गाउँपालिका रहेका छन्। हाल यस गाउँपालिकाको केन्द्र हालको वडा नं. ३ ग्वालटारमा रहेको छ । यस गाउँपालिका भित्र विकासका संभाव्य क्षेत्रहरू मुख्यतया कृषि, जलस्रोत, पर्यटन, जडीबुटी लगायतका प्राकृतिक स्रोत साधन आदि रहेका छन्। यस गाउँपालिका भित्र क्षेत्री, ब्राम्हण, मगर, नेवार, कामी, दमाई, सार्की, भुजेल, माझी, तामाङ, सुनुवार, राई आदि जाति जनजातिको बसोबास रहेको छ। नेपालको संविधान २०७२ ले प्रत्येक स्थानीय तहमा कार्यकारिणी, व्यवस्थापकीय र न्यायिक अधिकारको प्रष्ट व्यवस्था गरी प्रत्येक स्थानीय तहलाई संवैधानिक रुपमा स्थानीय सरकारको रुपमा स्वीकारेको छ । संविधानको भाग १७ मा स्थानीय कार्यपालिका सम्बन्धी व्यवस्था रहेको र उक्त भागमा स्थानीय तहको कार्यकारिणी अधिकार यो संविधान र संघीय कानुनको अधीनमा रही गाउँ कार्यपालिका वा नगरकार्यपालिकामा निहीत रहने र त्याहाँको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पनि सोही स्थानीय तहको हुने र त्याहाँको कार्यकारिणी कार्य पनि सोही स्थानीय तहको प्रष्ट कार्यपालिकाको नामबाट हुनेछ भन्ने व्यवस्था रहेको छ । त्यसैगरी गाउँ कार्यपालिकामा अध्यक्ष र उपाध्यक्षको निर्वाचन सम्बन्धित गाउँपालिकाका क्षेत्रभित्रका मतदाताले एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम गर्ने र कार्यपालिकामा अध्यक्ष, उपाध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित वडाध्यक्ष र गाउँसभाका सदस्यहरुले आफूमध्येबाट निर्वाचित गरेका ४ जना महिला सदस्य र दलित वा अल्पसंख्यक समुदायबाट गाउँसभाले निर्वाचित गरेका २ जना सदस्य रहने व्यवस्था रहेको छ । संवधानको धारा २१७ मा गाउँपालिका र नगरपालिकाको उपप्रमुखको अध्यक्षतामा कानुन बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न ३ सदस्यीय एक न्यायिक समितिको व्यवस्था रहेको छ । संविधानको भाग १८ मा स्थानीय तहको व्यवस्थापकीय अधिकार यस संविधानको अधीनमा रही गाउँ सभा र नगर सभामा निहित रहने भन्ने व्यवस्था रहेको छ र यस किसिमको व्यवस्थापिकीय अधिकार अनुसूची(८) र अनुसूची(९) बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ ।

गाउँसभामा गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित ४ जना सदस्य र दलित वा अल्पसंख्यकबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्य रहने प्रावधान रहेको छ । संविधानको धारा २१८ मा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको कार्य संचालन उक्त स्थानीय तहबाटस्वीकृत नियमावली बमोजिम कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन हुने व्यवस्था रहेको छ ।

संविधानको अनुसूची(८) मा स्थानीय तहको अधिकारको सूचीमा नगर प्रहरी,सहकारी संस्था, एफ एम संचालन, स्थानीय कर(सम्पत्ति, घर बहाल, घर जग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन, सेवा शुल्क, दस्तुर पर्यटन, विज्ञापन, व्यवसाय, भूमि, दण्ड, जरिवाना, मनोरञ्जन, मालपोत संकलन), स्थानीय सेवाको व्यवस्थापन,

स्थानीय तथ्यांक र अभिलेख संकलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, गाउँ सभा, स्थानीय अदालत मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, स्थानीय अभिलेख व्यवस्थापन, घर जग्गा धनी पूर्जा वितरण, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक अपाङ्ग र अशक्तहरुको व्यवस्थापन, बेरोजगारको तथ्यांक संकलन, कृषि प्रसार, खानेपानी साना जलविद्युत वैकल्पिक उर्जा, विपद् व्यवस्थापन, जलाधार वन्यजन्तु खानी खनिज पदार्थको संरक्षण, भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास रहेकाछन् ।अनुसूची(८) मा संघ प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीको व्यवस्था गरिएको छ । जसमा सहकारी, शिक्षा खेलकुद र पत्रपत्रिका, स्वास्थ्य, कृषि, विद्युत खानेपानी सिंचाइ, सेवा शुल्क,दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी, पर्यटन शुल्क, वन, वन्यजन्तु, जल, वातावरण, पर्यावरण, जैविक विविधता, खानी तथा खनिज, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा र गरीबी निवारण, व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क, पुरातत्व, प्राचीन स्मारक र संग्रहालय, सुकुम्बासी व्यवस्थापन, सवारी साधन अनुमति रहेका छन्। धारा २३२ मा संघ प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भन्ने प्रावधान रहेको छ । यही संवैधानिक प्रावधान बमोजिम यस गाउँपालिका पनि क्रियाशील रहेको छ ।स्थानीय सरकार संचालन ऐन २०७४ लगायत संघबाट पारित भई लागू गरिएका कानुनहरु, बागमती प्रदेशबाट लागू गरिएका कानुनहरु,गाउँपालिकाबाट निर्माण गरिएका कार्यविभाजन नियमावली २०७४ र कार्यसम्पादन नियमावली २०७४ लगायत कानुनी व्यवस्था बमोजिम यस गाउँपालिकाले कार्य सम्पादन गर्दै आएको छ ।

## १.२ गोलन्जोर गाउँपालिकाको नामाकरण

यो गाँउपालिकाको मुख्य बजार क्षेत्र खनियाखर्क र खुर्कोटहुँदै विपि राजमार्ग गएको छ जसले गर्दा उक्त राजमार्गको छेउछाउमा होटल र व्यापार फस्टाएको छ भने वडा नं ४ बाहेक अन्य सम्पुर्ण वार्डमा मध्य पहाडि राजमार्गले छोएको छ । मध्य पहाडि राजमार्गको सञ्चालन पश्चात यस गाँउपालिकाका जनताको जीवनस्तरमा क्रमिक सुधार आउने देखिन्छ । जुनार उत्पादनलाई अझै बढावा दिनपर्ने देखिन्छ । यस गाँउपालिकाको मुख्य बजारहरुमा खुर्कोट, ग्वालटार र खनियाखर्क हुन्। खुर्कोट वडा नं. १ मा, ग्वालटार वडा नं. ३ मा र खनियाँखर्क वडा नं. ६ मा रहेका छन् भने गाँउपालिकाको केन्द्र वडा नं. ३ ग्वालटारमा रहेको छ।

यस गाउँपालिकाको नाम यसै क्षेत्रको प्रसिद्ध पर्यटकीय भूगोललाई आधारलिई गोलन्जोर नामाकरण गरिएको हो । साविकका गाविसहरु बाशेश्वर, रतनचुरा र तीनकन्याकोबीच भागमा गोलन्जोर डाँडो अवस्थित रहेको र यस डाँडाको टुप्पोवाट तीनवटा साविक गाविस बाशेश्वर, रतनचुरा र तीनकन्य सबै देखिने हुनाले यस गाउँपालिकाको नाम यसै गोलन्जोर डाँडाको नामवाट नामाकरण गरिएको हो । यस गोलन्जोर डाँडो आफैंमा प्राकृतिक रुपमा नै भ्यु टावरको रुपमा अवस्थित छ जुन

पर्यटकहरुको आकर्षणको केन्द्र रहेको छ । यस गोलन्जोर डाँडोमा भ्यु टावर निर्माण गरी यस क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरी जनताको आयआर्जनमा बृद्धि गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

क) अवस्थित सिमाना

यस गाउँपालिकाको सीमानामा पूर्वमा फिक्कल गाउँपालिका र रामेछाप जिल्ला, पश्चिममा कमलामाईगाउँपालिका र सुनकोशी गाउँपालिका, उत्तरमा रामेछाप जिल्ला र दक्षिणमा कमलामाई गाउँपालिका र तीनपाटन गाउँपालिका रहेका छन्।

ख) क्षेत्रफल

गोलन्जोर गाउँपालिकाको सम्पूर्ण क्षेत्रफल १८४.१३ वर्ग कि. मि.छ । सिन्धुली जिल्लाको सदरमुकाम भन्दा उत्तर तर्फ रहेका साविकका भिमेश्वर, बाशेश्वर, भुवनेश्वरी, वितिजोर, तिनकन्या, रतनचुरा, डुडभन्ज्याँङगाउँ विकास समितिहरुलाई मिलाएर गोलन्जोर गाउँपालिका निर्माण गरिएको छ । पश्चिमबाट पूर्व तर्फ बगिरहेको सुनकोशी नदिको दक्षिण तर्फ यो गाउँपालिका रहेको छ । नेपालको पहाडी क्षेत्र जोड्ने मध्य पहाडि पुष्पलाल लोकमार्गको सिन्धुली खण्डको अधिकांश भाग यसै गाउँपालिका भित्र पर्दछ ।

स्वमूल्याङ्कनको आवश्यकता

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विगतदेखि हालसम्म गरेका गतिविधिको मूल्याङ्कन आफैले गर्ने र भोलिका दिनमा व्यवस्थित र सिलसिलेवार तरिकाबाट कार्यहरू सम्पादन गर्न मार्गदर्शन गर्ने उद्देश्यले स्थानीय तह सस्थांगत क्षमता मूल्याङ्कन कार्यविधि जारी गरेको छ । यसै सन्रदभमा गोलन्जोर गाउँपालिकाको कार्यप्रक्रिया उपलब्धिहरूको बारेमा लेखाजोखा गरी सबल र दुर्वल पक्षहरूको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरूको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र प्राप्त नतिजा अन्तर गाउँपालिका एंव नगरपालिका विच तुलना गर्न, सेवा प्रवाहमा सकारात्मक प्रतिस्पर्धा मार्फत सुधार ल्याई यस गाउँपालिकालाई सक्षम र प्रभावकारी बनाउन संस्थागत क्षमता मूल्याङ्कनको आवश्यकता महशुस गरी म बनाउछु मेरो गाउँपालिका भन्ने मुल मान्यतालाई साकार रूप दिन यो कार्यविधिको आवश्यकता रहेको छ ।गाउँपालिकाले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ दफा ३ को उपदफा (१) बमोजिम १० विषय क्षेत्रमा केन्द्रित भई स्वमूल्याङ्कनको कार्यलाई दैनिक कार्यसम्पादनसँग आबद्ध गरी कार्यविधिको दफा ४ का प्रकृयाहरु अवलम्बन गरिएको छ । १० ओटै विषयक्षेत्रहरूमा रहेर स्वमूल्याङ्कन समग्र स्थिति, प्रक्रिया तथा परिमाणात्मक सूचकहरुको आधारमा गरिएको छ । स्वमूल्याङ्कन गर्दा समग्र स्थितिको सूचकहरुलाई ४ ओटा, प्रकृयागत तथा परिमाणात्मक स्थितिको स्वमूल्याङ्कन गर्न ३ ओटा अवस्थाहरुको

मूल्याङ्कन गरिएको छ । स्वमूल्याङ्कनका प्रत्येक सूचकलाई प्रमाणित गर्न हरेक सूचकमा प्रमाणिक आधारहरुको अभिलेखीकरण गरि तयार गरिएको छ । समग्र, प्रक्रिया तथा परिमाणात्मक सूचकहरुको आधारमा बनेपा नगरपालिकाले आव २०७६ । ०७७को विकास तथा सुशासनको अवस्थाको स्वमूल्याङ्कन प्रक्रिया अघि बढाएको हो । समग्र स्थितिले यस नगरपालिकाको विकास निर्माण, सुशासन तथा सेवा प्रवाहको समग्र अवस्थालाई बताउँछ भने प्रक्रियागत स्थितिले गोलन्जोर गाउँपालिकाकोदैनिक प्रशासन, सेवा प्रवाह तथा स्थानीय सरोकारका विषयमा सम्बोधन हुने खालका प्रक्रिया उन्मुखको अवस्थालाई जनाउँछ । त्यसैगरी योजना, कार्यक्रमको कार्यान्वयनको उपलब्धिहरुको अवस्था व्याख्या गर्न परिमाणत्मक स्थितिका सूचकहरुको व्यवस्था पनि गरिएको छ । स्वमूल्याङ्कनमा समग्र स्थिति, प्रक्रियागत स्थिति र परिमाणात्मक स्थितिको भार अनुपात क्रमशः २१%, ३४%, ४५% कायम गरिएको छ ।

स्वमूल्याङ्कनको उद्देश्य

गोलन्जोर गाउँपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कनको मुख्य उदेश्य यस गाउँपालिकाको विकास प्रकृया तथा उपलब्धीहरुको मूल्याङ्कनबाट सबल तथा दुर्बल पक्षहरु पहिचान गरी सेवाप्रवाहलाई प्रभावकारी बनाउन सुधारको उपाय खोजी गर्नु रहेको छ । अतः स्वमूल्याङ्कनको उदेश्यहरु देहाय बमोजिम रहेका छन् ।

- स्थानीय तहको कार्यप्रकृया र उपलब्धिको बारेमा लेखाजोखा गरी सबल र दुर्वल पक्षहरुको पहिचान गर्नु,
- विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिनु
- आवधिक समीक्षाको लागि आधार प्राप्त गर्नु र
- गाउँपालिका तथा नगरपालिकाहरुको बीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउनु ।

स्वमूल्याङ्कनको औचित्य

गोलन्जोर गाउँपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कनको औचित्य देहाय बमोजिम रहेको छः संस्थागत क्षमताको स्वमूल्याङ्कनले प्रकियागत तथा सेवा प्रवाहमा देखिएका सबल तथा दुर्वल पक्षहरु खोजी गरी सुधारका मार्ग अवलम्वन गर्न ।

- आफ्नो कामको आफैले मूल्यांकन गर्ने संस्कृतिको विकास गर्न । नीतिगत, कानूनी प्रवन्ध, संस्थागत व्यवस्थापन तथा सेवाप्रवाहको प्रक्रियाका गरी विकास तथा सुशासनको पहिचान गर्न ।

- संस्थागत क्षमता स्वमूल्याङ्कनबाट प्राप्त नतिजाले सेवाको गुणस्तर, सेवाको पहुँचको अवस्थाको चित्रण गर्न। विश्वव्यापी रूपमा विकास तथा सुशासनको क्षेत्रमा भएका परिवर्तनलाई आत्मसात गरेर अवलम्वन गरेका प्रक्रियामा सुधार गर्न । संस्थालाई सक्षम तथा प्रभावकारी बनाउन ।
- यसले विगतको प्रयासका आधारमा वर्तमानका योजना, कार्यक्रम विकास गरी योजनाको उपलब्धी मूल्याङ्कनका आधारमा सुधारका उपायहरु अवलम्बन गरी चुस्त, पारदर्शी, प्रतिस्पर्धी, सक्षम तथा प्रभावकारी प्रशासनको निर्माण गर्न ।

स्व-मुल्याङ्नको परिसीमा

यस गाउँपालिकाको कार्यालयमा दरवन्दी तेरिज अनुसारको विषयगत शाखामा कार्य सम्पादन गर्ने कर्मचारी अभाव भएको हुँदा कार्यरत कर्मचारीहरुले नै पालोफेरोमा कार्यालय समय भित्र अन्य शाखाको समेत कामकाजमा व्यस्त हुनुपरेको हुँदा कार्यालय समय भन्दा अघि, पछि र सार्वजनिक विदाको दिनमा समेत LISA/FRA/LED को काम गर्नका लागि कर्मचारी खटिनुपर्ने हुँदा समयको परिसीमाले उपलब्धीहरुको गहन समिक्षा गर्न सकिएको छैन। अन्य पालिका तथा यस गाउँपालिकाको विगतको स्व-मुल्याङ्कनको प्रतिवेदनलाई आधार मानेर यस पटकको प्रतिवेदनमा केहि सुधार प्राप्त भएको छ ।यो प्रतिवेदन १० वटा लिजाको हकमा, ५ वटा वित्तिय जोखिम मुल्याङ्कनको हकमा र ४ वटा आर्थिक विकास मुल्याङ्कनको नतिजालाई समग्र, प्रक्रिया र परिमाणत्मक स्थितिको स्व मुल्याङ्कन गरिएको छ ।

सूचना संकलन प्रकृयाः

स्थानीय तह संस्थागत क्षमता स्व-मुल्याङ्कन कार्यविधि २०७७ को परिच्छेद ३ को प्रकृया अवलम्वन गरी सूचना संकलन गरियो ।शाखा प्रमुखहरुलाई स्व-मुल्याङ्कन प्रकृया उद्धेश्य तथा विधिवारे जानकारी तथा प्रशिक्षण गर्ने गरी जिम्मेवारी तोकिएको थियो ।सवै शाखा प्रमुख एंव सहायक कर्मचारीहरुलाई देहाय बमोजिम कार्य गर्ने गरी श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाण्डौंको च.नं १७२, मिति २०८१/०८/१३ गतेको प्राप्त पत्रानुसार प्रत्येक आर्थिक वर्ष स्थानीय तहको कार्यप्रकृया र उपलब्धिहरुको वारेमा लेखाजोखा गरी समग्र सेवा प्रवाह, विकास व्यवस्थापन र सुशासनको क्षेत्रमा प्रभावकारीता हासिँल गर्न संस्थागत क्षमता स्व-मुल्याङ्कन (LISA), स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कन (FRA) र आर्थिक विकास मुल्याङ्कन (LED) को कार्यविधिले तोकेको सूचकहरुले मागे अनुसारका कागजातहरु प्रविष्ट गर्ने लगाईएको थियो ।

| सि.नं | जिम्मेवार शाखा | LISA को विषय क्षेत्र | FRA को विषय क्षेत्र (जिम्मेवारी | LED को विषय क्षेत्र |
|---|---|---|---|---|
| १. | प्रशासन शाखा | शासकीय प्रवन्ध | राजश्व व्यवस्थापन/राजश्व शाखा | |
| २. | प्रशासन शाखा | संगठन तथा प्रशासन | | |
| ३. | योजना तथा अनुगमन शाखा | वार्षिक बजेट तथा योजना व्यवस्थापन | योजना बजेट तथा कार्यक्रम व्यवस्थापन/योजना तथा अनुगमन शाखा | |

| | | | | |
|---|---|---|---|---|
| ४. | आर्थिक प्रशासन शाखा | वित्तिय एंव आर्थिक व्यवस्थापन | लेखाङ्कन तथा प्रतिवेदन/आर्थिक प्रशासन शाखा | |
| ५. | प्रशासन शाखा | सार्वजनिक सेवा प्रवाह | कार्यान्वयन क्षमता तथा व्यवस्थापन/प्रशासन शाखा | |
| ६. | न्यायिक समितिको सचिवालय | न्यायिक कार्य सम्पादन | | स्थानीय आर्थिक नीति तथा योजना |
| ७. | पूर्वाधार विकास शाखा | भौतिक पूर्वाधार | | आर्थिक विकास पुर्वाधार |
| ८. | सामाजिक एंव महिला तथा वालबालिका शाखा | सामाजिक समावेशिकरण | | |
| ९. | वन, वातावरण एंव विपद व्यवस्थापन शाखा | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | | |
| १०. | प्रशासन शाखा एंव योजना तथा अनुगमन शाखा | सहकार्य र समन्वय | अनुगमन मुल्याङ्कन तथा लेखा परिक्षण/आलेप शाखा एंव आर्थिक प्रशासन शाखा | |
| ११. | आर्थिक विकास शाखा | - | - | आर्थिक सशक्तिकरण |
| १२. | आर्थिक विकास शाखा | | | उद्यमशिलता विकास तथा औद्योगिक प्रवर्द्धन |

**स्व-मुल्याङ्कनको नजिता विश्लेषणः**

शाखागत रुपमा प्राप्त प्रमाणिक आधार ऐन, कानुन, कार्यविधि, मापदण्ड नीति, योजना तथा योजनागत उपलब्धीहरुको स्व-मुल्याङ्कनको नतिजा निम्नानुसार प्रस्तुत गरिएको छ ।

| विषय क्षेत्रहरु | अवस्था | क्र.स. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाक | प्राप्तांक २०७८।०७९ | प्राप्ताङ्क २०७९/०८० | आ.व. २०८०/०८१ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| १) शासकीय प्रबन्ध | समग्र स्थिति | १ | १.१.१ | सभाको संचालन प्रक्रिया ( स्थाससंऐ को दफा १९ ) | १ | ०.७५ | १ | १ | प्रविष्ट कागजात |
| | | २ | १.१.२ | कार्यपालीकाको निर्णय प्रक्रिया ( स्थाससंऐ को दफा १७ ) | १ | ०.७५ | ०.७५ | ०.७५ | प्रविष्ट कागजात |
| | | ३ | १.१.३ | सभा/कार्यपालीकाले बनाएका स्थानिय कानुन - ऐन,नियम, निर्देशिका,कार्यविधि र मापदण्ड) तथा निर्णयहरुको सार्वजनिकिरण ( स्थाससंऐ को दफा १०२ को ३ नेपालको संविधानको धारा २७, सुचनाको हक ) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | प्रक्रियागत स्थिति | ४ | १.२.१ | सभा र कार्यपालीकाका समिति/उप-समिति सञ्चालन सम्बन्धि कार्यविधि ( स्थाससंऐ को दफा १४,४६,६५,६६,६७ ) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | | ५ | १.२.२ | कार्यपालीकाको बैठक सञ्चालन - बैठक बोलाउने, मिति स्थान तोक्ने, कार्यसुची उपलब्ध गराउने, गणपुरक संख्या, निर्णय पुस्तिकामा हस्ताक्षर, निर्णयमा | १ | १ | ० | १ | प्रविष्ट कागजात |

| विषय क्षेत्रहरु | अवस्था | क्र.स. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाक | प्राप्तांक २०७८।०७९ | प्राप्ताङ्क २०७९/०८० | आ.व. २०८०/०८१ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | असहमति आदी ( स्थाससंऐ को दफा १७) | | | | | |
| | | ६ | १.२.३ | आन्तरिक नियन्त्रण प्रणाली (स्थाससंऐ को दफा ७८ ) | १ | ० | ० | ० | प्रविष्ट कागजात |
| | | ७ | १.२.४ | स्थानिय तहका पदाधिकारीहरुको सम्पति विवरण (स्थाससंऐ दफा ११० ) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | परिमाणात्मक स्थिथि | ८ | १.३.२ | मुल्यांकन अवधिमा बसेको कार्यपालीकाको बैठक संख्या (स्थाससंऐ दफा १७ वैठक कार्यसञ्चालन नियमावली | १ | ०.५ | ०.५ | ० | प्रविष्ट कागजात |
| | | ९ | १.३.१ | लेखा प्रणालीमा SuTRA को प्रयोग (स्थाससंऐ दफा ७२ ) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | | | | जम्मा | ९ | ७ | ६.२५ | ६.७५ | प्रविष्ट कागजात |
| २) संगठन तथा प्रशासन | समग्र स्थिति | १० | २.१.१ | गाँउ नगरपालीकाको क्षमता विकास। ( स्थाससंऐ दफा १०२.२ ) | १ | ० | ० | ० | प्रविष्ट कागजात |

| विषय क्षेत्रहरु | अवस्था | क्र.स. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाक | प्राप्तांक २०७८।०७९ | प्राप्ताङ्क २०७९/०८० | आ.व. २०८०/०८१ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ११ | २.१.२ | प्रतिवेदन तथा विवरण प्रेषण । ( स्थाससंऐ दफा ७६ (५) र अत्तर सरकारी वित्त व्यवस्थापन ऐन, दफा ३२(३) | १ | १ | १ | ०.५ | प्रविष्ट कागजात |
| | प्रक्रियागत स्थिति | १२ | २.२.१ | विषयगत विभाग महाशाखा शाखा/उपशाखा/एकाईहरु एवं जनशक्तिको काम कर्तव्य, अधिकार र जिम्मेवारीको कार्यविवरण (स्थाससंऐ दफा ८३) | १ | ०.५ | ०.५ | ०.५ | प्रविष्ट कागजात |
| | | १३ | २.२.२ | स्थायी पदपुर्ति नगर्ने भनिएका पदहरुमा करारबाट मात्र पदपुर्ति (स्थाससंऐ दफा ८३ को उपदफा ८,९ ) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | | १४ | २.२.३ | कर्मचारीहरुको कार्य सम्पादन संझौता । (स्थाससंऐ दफा १०२ ( २) | १ | १ | ० | १ | प्रविष्ट कागजात |
| | परिमाणात्मक स्थिति | १५ | २.३.१ | जनशक्ति क्षमता विकासमा लगानी (स्थाससंऐ दफा १०२ (२) अनुसार बनेको कार्यविधि | १ | ० | ० | ०.५ | प्रविष्ट कागजात |

| विषय क्षेत्रहरु | अवस्था | क्र.स. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाक | प्राप्तांक २०७८।०७९ | प्राप्ताङ्क २०७९/०८० | आ.व. २०८०/०८१ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १६ | २.३.२ | प्रमुख प्रशासकिय अधिकृतको उपस्थिति दिन आफ्नो क्षेत्रभित्र काजमा रहेको अवधि समेत ( स्थाससंऐ दफा ८४ अनुसारको कार्यसम्पादन प्रभावकारीता ) | १ | १ | ० | १ | प्रविष्ट कागजात |
| | | १७ | २.३.३. | .क्षमता विकास कार्यक्रममा पदाधिकारी र कर्मचारीहरुको सहभागिता । (स्थाससंऐ दफा १०२ को २ अनुसारको बनेका कार्यविधि यस दफामा पदाधिकारी भन्नाले गाँउ/नगर सभाका सदस्यहरुलाई बुझाउनेछ । गणना गर्दा पदाधिकारी र कर्मचारीहरुको छुट्टाछुट्टै गणना गर्नु पर्नेछ । | १ | ० | ० | ० | प्रविष्ट कागजात |
| | | | | जम्मा | ८ | ४.५ | २.५ | ४.५ | |
| ३) वार्षिक बजेट तथा योजना | समग्र स्थिति | १८ | ३.१.१ | वार्षिध बजेट तथा कार्यक्रम र आवधिक योजना तर्जुमा ( स्था.स.सं.ऐ. को दफा २४ ) | १ | ० | ० | ० | प्रविष्ट कागजात |

| विषय क्षेत्रहरु | अवस्था | क्र.स. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाक | प्राप्तांक २०७८।०७९ | प्राप्ताङ्क २०७९/०८० | आ.व. २०८०/०८१ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| व्यवस्थापन | | १९ | ३.१.२ | बजेट तथा कार्यक्रम तर्जुमा र पारित गर्ने कार्यमा सम्बद्ध समिति र समन्वय ( स्था.स.सं.ऐ. को दफा ६५, ६६, ६७ ) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | प्रक्रियागत स्थिति | २० | ३.२.१ | दिगो विकासका लक्ष्यहरु को स्थानिय करण ( स्था.स.सं.ऐ. को दफा २४ ) | १ | ० | ० | ०.५ | प्रविष्ट कागजात |
| | | २१ | ३.२.२. | विषयक्षेत्रगत रुपमा बजेट सिलिङ्ग निर्धारण ( स्था.स.सं.ऐ. को दफा ६६ को ३ ) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | | २२ | ३.२.३ | बजेट प्रस्तुती तथा स्वीकृती ( स्थाससंऐ को दफा ७१) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | | २३ | ३.२.४ | गैरसरकारी संङघ सस्थाहरुले गाँउ/नगर सभाबाट पारीत गरि योजना कार्यान्वयन ( स्थाससंऐ को दफा २५) | १ | ०.५ | १ | १ | प्रविष्ट कागजात |
| | परिमाणात्मक स्थिति | २४ | ३.३.१ | कूल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा ( असविव्यऐ दफा ८ अनुसार राजस्वको क्षमता ) | १ | ० | ०.५ | ० | प्रविष्ट कागजात |

| विषय क्षेत्रहरु | अवस्था | क्र.स. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाक | प्राप्तांक २०७८।०७९ | प्राप्ताङ्क २०७९/०८० | आ.व. २०८०/०८१ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २५ | ३.३.२ | पाँच लाख भन्दा कम लागतका योजनाले कुल पुँजीगत बजेटको हिस्सा (वजेट तथा कार्यक्रम | १ | ०.५ | ०.५ | ०.५ | प्रविष्ट कागजात |
| | | २६ | ३.३.३ | वार्षिक आन्तरिक आय बृद्धिगत वर्षको तुलनामा ( असविव्यऐ दफा ८ अनुसार राजस्वको | १ | १ | ० | ० | प्रविष्ट कागजात |
| | | २७ | ३.३.४ | गैसस मार्फत योजना कार्यान्वयन गरेको अवस्थामा गैससको नगद लागत साझेदारी । ( स्थाससंऐ दफा २५ ) | १ | ०.५ | १ | ०.५ | प्रविष्ट कागजात |
| | | २८ | ३.३.५ | समपुरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरुमा लागत साझेदारीका लागि बिनियोजित बजेट ( असविव्यऐ दफा १० ) | १ | ०.५ | ०.५ | १ | प्रविष्ट कागजात |
| | | | | जम्मा | ११ | ६ | ६.५ | ७ | प्रविष्ट कागजात |
| ४) वित्तिय तथा आर्थिक व्यवस्थापन | समग्र स्थिति | २९ | ४.१.१ | आन्तरिक स्रोत ( स्थाससंऐ दफा ६५ ) | १ | १ | ०.७५ | ०.७५ | |
| | | ३० | ४.१.२ | वित्तिय अनुशासन (असविव्यऐ दफा २५ देखि ३२ ) | १ | १ | ०.५ | १ | प्रविष्ट कागजात |

| विषय क्षेत्रहरु | अवस्था | क्र.स. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाक | प्राप्तांक २०७८।०७९ | प्राप्ताङ्क २०७९/०८० | आ.व. २०८०/०८१ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रक्रियागत स्थिति | ३१ | ४.२.१ | आय व्ययको वर्गिकरण तथा लेखाङकनका लागी नेपाल सरकारद्धारा निर्धारित पद्धति र ढाँचाको प्रयोग (असविव्यऐ दफा ३२ ) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | | ३२ | ४.२.२ | आय र व्ययको विवरण सार्वजनिकीकरण ( असविव्यऐ दफा ३० ) | १ | ० | १ | १ | प्रविष्ट कागजात |
| | | ३३ | ४.२.३ | प्रचलित कानुन अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयारी र कायान्वयन ( सा.ख.ऐ.२०६३ दफा ६, ( स्थाससंऐ दफा ८४ (२) को ट ) | १ | ० | ० | ० | प्रविष्ट कागजात |
| | | ३४ | ४.२.४ | वार्षिक बजेट कार्यान्वयनको प्रगति समिक्षा ( स्थाससंऐ दफा ७१ को ६ ) | १ | ० | ० | ०.५ | प्रविष्ट कागजात |
| | परिमाणात्मक स्थिति | ३५ | ४.३.१ | रकमान्तर ( स्थाससंऐ दफा ७९ ) | १ | ० | ० | १ | प्रविष्ट कागजात |
| | | ३६ | ४.३.२ | प्रशासनिक खर्च ( स्थाससंऐ दफा ७१ अनुसारको आय व्यय | १ | ० | ० | ० | प्रविष्ट कागजात |

| विषय क्षेत्रहरु | अवस्था | क्र.स. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाक | प्राप्तांक २०७८।०७९ | प्राप्ताङ्क २०७९/०८० | आ.व. २080/०८१ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अनुमान अनुसार) | | | | | |
| | | ३७ | ४.३.३ | पुँजीगत खर्च ( स्थाससंऐ दफा ७१ अनुसारको आय व्यय अनुमान अनुसार) | १ | ०.५ | ०.५ | १ | प्रविष्ट कागजात |
| | | ३८ | ४.३.४ | राजस्व सङकलन ( स्थाससंऐ दफा ७१ ) | १ | ० | ०.५ | ०.५ | प्रविष्ट कागजात |
| | | ३९ | ४.३.५ | खर्च गर्ने अख्तियारी ( स्थाससंऐ दफा ७३) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| जम्मा | | | | | ११ | ४.५ | ५.२५ | **७.७५** | |
| ५) सार्वजनिक सेवा प्रवाह | समग्र स्थिति | ४० | ५.१.१ | सेवा प्रवाह ( स्थाससंऐ दफा ११) | १ | ०.७५ | १ | १ | प्रविष्ट कागजात |
| | | ४१ | ५.१.२ | वडाले उपलब्ध गराउने सेवा ( स्थाससंऐ दफा १२) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | | ४२ | ५.१.३ | सेवा प्रतिको सन्तुष्टी ( स्थाससंऐ दफा ११,१२ को काम) | १ | १ | ० | १ | प्रविष्ट कागजात |
| | प्रक्रियागत स्थिति | ४३ | ५.२.१ | सेवाप्रवाहमा प्रविधिमा आधारित टोकन, अनलाइन रजिष्ट्रेसन वा | १ | ० | ० | १ | प्रविष्ट कागजात |

| विषय क्षेत्रहरु | अवस्था | क्र.स. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाक | प्राप्तांक २०७८।०७९ | प्राप्ताङ्क २०७९/०८० | आ.व. २०८०/०८१ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कम्प्युटर बिलिङ प्रविधिको प्रयोग ( स्थाससंऐ दफा ११, (२) को ङ १) | | | | | |
| | | ४४ | ५.२.२ | सेवाप्रवाहको मापदण्ड (SOP) ( स्थाससंऐ दफा ११, (२) को ङ १) | १ | ० | ० | ० | प्रविष्ट कागजात |
| | | ४५ | ५.२.३ | बैंकिङ प्रणालीबाट भुक्तानी ( स्थाससंऐ दफा ११, (२) को ङ ७) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | | ४६ | ५.२.४ | वडामा सेवाप्रवाहको बैकल्पिक व्यवस्था ( स्थाससंऐ दफा १६ को उपदफा ४को ग को ६ र दफा १८ को उपदफा ३) | १ | ०.५ | १ | १ | प्रविष्ट कागजात |
| | परिमाणात्मक स्थिथि | ४७ | ५.३.१ | गुनासो पछ्र्योट ( स्थाससंऐ दफा ११, (२) को ङ ७) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | | ४८ | ५.३.२ | सामाजिक सुरक्षा भत्ता बैंक खातामार्फत भुक्तानी ( स्थाससंऐ दफा ११, (२) को त २) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | | ४९ | ५.३.३ | जन्मेको मितिले ३५ दिनभित्र भएको कूल जन्मदर्ता संख्या ( | १ | ० | ० | ० | प्रविष्ट कागजात |

| विषय क्षेत्रहरु | अवस्था | क्र.स. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाक | प्राप्तांक २०७८।०७९ | प्राप्ताङ्क २०७९/०८० | आ.व. २०८०/०८१ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स्थाससंऐ दफा ११, (४) ) | | | | | |
| | | ५० | ५.३.४ | सार्वजनिक सुनुवाई ( स्थाससंऐ दफा ७८ को उपदफा ५ ) | १ | ० | ० | ०.५ | प्रविष्ट कागजात |
| | | ५१ | ५.३.५ | सेवा प्रवाहमा घुम्ती सेवाको प्रयोग ( स्थाससंऐ दफा ११, (२) को ङ ७) घुम्ती सेवाका क्षेत्रहरु खोप, भिटामिन ए वितरण, स्वास्थ्य शिविर, कृषि पशु सम्बन्धि सेवाहरु व्यक्तीगत घटना दर्ता आदी। | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | | ५२ | ५.३.६ | शिक्षामा सवै वालवालीकाको पहँच ( स्थाससंऐ दफा ११ को उपदफा २ को ज ) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | | ५३ | ५.३.७ | स्वास्थ्य सेवामा नागरिकको पहँच ( स्थाससंऐ दफा ११ को उपदफा २ को झ) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | | ५४ | ५.३.८ | कृषि र पशु सेवा ( स्थाससंऐ दफा ११ को उपदफा २ को ण र | १ | ० | १ | १ | प्रविष्ट कागजात |

| विषय क्षेत्रहरु | अवस्था | क्र.स. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाक | प्राप्तांक २०७८।०७९ | प्राप्ताङ्क २०७९/०८० | आ.व. २०८०/०८१ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | द) | | | | | |
| | | ५५ | ५.३.९ | स्थानीय उत्पादनको प्रवद्धन र बजारीकरण ( स्थाससंऐ दफा ११ को उपदफा २ को ण ७) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | | | | जम्मा | १६ | १०.२५ | ११ | **१३.५** | |
| ६) न्यायिक कार्यसम्पादन | समग्र स्थिति | ५६ | ६.१.१ | न्याय सम्पादन ( स्थाससंऐ दफा ४६ को उपदफा १ दफा ४९ को उपदफा १२) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | प्रकियागत स्थिति | ५७ | ६.२.१ | मेलमिलाप कर्ताको व्यवस्था ( स्थाससंऐ दफा ४९ को उपदफा ३) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | | ५८ | ६.२.२ | न्यायिक समितिको निर्णय प्रक्रिया ( स्थाससंऐ दफा ४९ | १ | १ | १ | १ | |
| | | ५९ | ६.२.३ | न्यायिक समितिको प्रतिवेदन प्रणाली ( स्थाससंऐ दफा ५३ को उपदफा २) | १ | १ | १ | १ | प्रविष्ट कागजात |

| विषय क्षेत्रहरु | अवस्था | क्र.स. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाक | प्राप्तांक २०७८।०७९ | प्राप्ताङ्क २०७९/०८० | आ.व. २०८०/०८१ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | परिमाणात्मक स्थिति | ६० | ६.३.१ | उजुरी फछ्र्योट । ( स्थाससंऐ दफा ४९को उपदफा २ र ४ ) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | | ६१ | ६.३.२ | न्यायिक समितिको निर्णय उपर पुनरावेदन ( स्थाससंऐ दफा ५१ ) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | | ६२ | ६.३.३ | मेलमिलाप केन्द्र गठन । ( स्थाससंऐ दफा ४९को उपदफा १० ) | १ | ०.५ | १ | १ | प्रविष्ट कागजात |
| | | | | जम्मा | ७ | ६.५ | ७ | **७** | |
| ७) भौतिक पुर्वाधार | समग्र स्थिति | ६३ | ७.१.१ | सडक यातायात गुरुयोजना अनुसार सडक पूर्वाधार निर्माण | १ | ० | १ | ०.५ | प्रविष्ट कागजात |
| | | ६४ | ७.१.२. | जोखिम संवेदनशील भू-उपयोग योजना ( स्थानीय सरकार सं ऐन २०७४ को दफा २७.२ ) | १ | ० | ०.५ | ० | प्रविष्ट कागजात |
| | | ६५ | ७.१.३. | भौतिक पूर्वाधार विकासमा सार्वजनिक-निजी साझेदारी नीति ( स्थाससंऐ २०७४ को दफा २४.८ ) | १ | ० | ० | ० | प्रविष्ट कागजात |

| विषय क्षेत्रहरु | अवस्था | क्र.स. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाक | प्राप्तांक २०७८।०७९ | प्राप्ताङ्क २०७९/०८० | आ.व. २०८०/०८१ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रक्रियागत स्थिति | ६६ | ७.२.१. | बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार ( स्थाससंऐ २०७४ को दफा २४ को उपदफा २ ) | १ | ० | ०.५ | ० | प्रविष्ट कागजात |
| | | ६७ | ७.२.२ | निर्मित पूर्वाधारको उपयोग र दिगो व्यवस्थापन ( स्थाससंऐ २०७४ को दफा २४ को उपदफा ३ ) | १ | ० | ०.५ | ० | प्रविष्ट कागजात |
| | | ६८ | ७.२.३. | आयोजनाको वातावरणीय अध्ययन संक्षिप्त, प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन ( IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIE) ( स्थाससंऐ २०७४ को दफा २४ को उपदफा २ ) | १ | ० | ०.५ | ०.५ | प्रविष्ट कागजात |
| | | ६९ | ७.२.४. | राष्ट्रिय भवन संहिता र मापदण्ड ( स्थाससंऐन २०७४ को दफा ४३ को उपदफा १ ) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | परिमाणात्मक | ७० | ७.३.१. | सडकको विस्तार ( स्थाससंऐन २०७४ को दफा ११ को उपदफा | १ | १ | १ | ०.५ | प्रविष्ट कागजात |

| विषय क्षेत्रहरु | अवस्था | क्र.स. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाक | प्राप्तांक २०७८।०७९ | प्राप्ताङ्क २०७९/०८० | आ.व. २०८०/०८१ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्थिति | | | २ को ट १, ५ ) | | | | | |
| | | ७१ | ७.३.२. | सडकको स्तर उन्नति ( स्थाससंऐन २०७४ को दफा ११ को उपदफा २ को ट १, ५ ) | १ | ०.५ | १ | १ | प्रविष्ट कागजात |
| | | ७२ | ७.३.३ | खानेपानी सेवा विस्तार ( स्थाससंऐन २०७४ को दफा ११ को उपदफा २ को ध १, सोही दफाको उपदफा ४ को ग २, दफा १२ को उपदफा २ को ग १० ) | १ | ०.५ | ०.५ | १ | प्रविष्ट कागजात |
| | | ७३ | ७.३.४. | वार्षिक योजनाको कार्यान्वयन स्थिति ( स्थाससंऐन २०७४ को दफा ७१ को उपदफा २ को विवरणमा चालु आ.व.को प्रगतीको अनुमान समेत पेश गर्नुपर्ने ) | १ | १ | १ | ०.५ | प्रविष्ट कागजात |
| | | ७४ | ७.३.५ | .फोहोर मैला व्यवस्थापन ( स्थाससंऐन २०७४ को दफा १२ को उपदफा २ को ग ११ ) | १ | १ | ० | ०.५ | प्रविष्ट कागजात |

| विषय क्षेत्रहरु | अवस्था | क्र.स. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाक | प्राप्तांक २०७८।०७९ | प्राप्ताङ्क २०७९/०८० | आ.व. २०८०/०८१ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ७५ | ७.३.६. | औधोगीक पूर्वाधार ( स्थाससंऐन २०७४ को दफा ११ ) | १ | ० | ० | ० | प्रविष्ट कागजात |
| | | | | जम्मा | १३ | ५ | ७.५ | ५.५ | |
| ८) सामाजिक समावेशीकरण0 | समग्र स्थिति | ७६ | ८.१.१. | सामाजिक विभेदको न्यूनीकरण ( संविधानको धारा १८, समानताको हक ) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | | ७७ | ८.१.२. | समानुपातिक सहभागीता ( स्थाससंऐन २०७४ को दफा १११ ) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | प्रकियागत स्थिति | ७८ | ८.२.१. | सामाजिक सुरक्षा तथा संरक्षण ( स्थाससंऐन २०७४ को दफा ११ को उपदफा २ त ) | १ | ० | १ | १ | प्रविष्ट कागजात |
| | | ७९ | ८.२.२ | घरेलु हिंसा अन्त्यको लागि बहस, पैरवी तथा चेतनामूलक अभियान ( स्थाससंऐन २०७४ को दफा १२ उपदफा २ को ग ३० ) | १ | ०.५ | ० | ० | प्रविष्ट कागजात |
| | | ८० | ८.२.३. | बालश्रम, बाल विवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी | १ | ० | ० | ० | प्रविष्ट कागजात |

| विषय क्षेत्रहरु | अवस्था | क्र.स. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाक | प्राप्तांक २०७८।०७९ | प्राप्ताङ्क २०७९/०८० | आ.व. २०८०/०८१ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जस्ता प्रथासंग सम्बन्धित कार्यहरु ( स्थाससंऐन २०७४ को दफा १२ उपदफा २ को ग ३० ) | | | | | |
| | | ८१ | ८.२.४. | लैङ्गिक उत्तरदायी बजेट परिक्षण ( **GRB Audit** ) ( स्थाससंऐन २०७४ को दफा २४ उपदफा ३ को छ ) | १ | ० | ० | ० | प्रविष्ट कागजात |
| | परिमाणात्मक स्थिति | ८२ | ८.३.१. | महिला विरुद्ध हुने घरेलु हिंसाको घटनामा कमी ( अघिल्लो आ.व. को तुलनामा ) | १ | १ | ० | १ | |
| | | ८३ | ८.३.२ | बालश्रम, बालविवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथा रोकथामका लागि तर्जुमा गरीएका कार्यक्रममा लगानी ( सर्शत अनुदान बाहेक बाँकी बजेटको ) | १ | ० | ० | ० | प्रविष्ट कागजात |
| | | ८४ | ८.३.३ | महिला/दलित/अपाङ्गता भएका व्यक्ति संयोजक /अध्यक्ष भएको उपभोक्ता समितिहरुको संख्या ( कुल गठीत उपभोक्ता समितिको | १ | १ | १ | ० | प्रविष्ट कागजात |

| विषय क्षेत्रहरु | अवस्था | क्र.स. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाक | प्राप्तांक २०७८।०७९ | प्राप्ताङ्क २०७९/०८० | आ.व. २०८०/०८१ | प्रमाणीकरणको आधार |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| | | | | ) | | | | | |
| | | ८५ | ८.३.४. | आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, आपाङ्गता भएका व्यक्ति, जेष्ट नागरीक, अल्पसंख्यक, सिमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानमा गरिने लगानी ( सर्शत अनुदान बाहेक बाँकी वजेट ) | १ | ० | ० | ० | प्रविष्ट कागजात |
| | | | | जम्मा | १० | ४.५ | ४ | **४** | |
| ९) वातावरण संरक्षण तथा विपद व्यवस्थापन | समग्र स्थिति | ८६ | ९.१.१. | विपद् व्यवस्थापन ( स्थाससंऐन २०७४ को दफा ११ उपदफा २ को न ) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | प्रक्रियागत स्थिति | ८७ | ९.२.१ | वातावरणीय प्रदूषण नियन्त्रण ( जल, भूमि, ध्वनी, वायु र खाद्य ) ( स्थाससंऐन २०७४ को दफा ११ उपदफा ४ को ङ १, २३ र २६ ) | १ | ० | ० | ०.५ | प्रविष्ट कागजात |

| विषय क्षेत्रहरु | अवस्था | क्र.स. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाक | प्राप्तांक २०७८।०७९ | प्राप्ताङ्क २०७९/०८० | आ.व. २०८०/०८१ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ८८ | ९.२.२. | वातावरणमैत्री पूर्वाधार | १ | ० | ० | ० | प्रविष्ट कागजात |
| | | ८९ | ९.२.३ | विपद् जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन (स्थाससंऐन २०७४ को दफा ११ उपदफा २ को न ४) | १ | १ | ०.५ | १ | प्रविष्ट कागजात |
| | परिमाणात्मक स्थिति | ९० | ९.३.१. | वातावरणीय क्षेत्र प्रर्वद्धनमा बजेट विनियोजन | १ | ० | १ | १ | प्रविष्ट कागजात |
| | | ९१ | ९.३.२. | वातावरण संरक्षणमा टोल विकास संस्था, नागरिक तथा निजी क्षेत्र र गै.स.स. को सहभागिता | १ | ० | १ | ० | प्रविष्ट कागजात |
| | | ९२ | ९.३.३. | स्थानीय विपद् व्यवस्थापन कोषमा बजेट विनियोजन र खर्च ( वार्षिक रुपमा ) | १ | १ | १ | १ | प्रविष्ट कागजात |
| | | ९३ | ९.३.४. | टोल विकास संस्था गठन तथा संचालन | १ | ० | १ | १ | प्रविष्ट कागजात |
| | | ९४ | ९.३.५. | एम्बुलेन्स, अग्नी नियन्त्रण जस्ता आकस्मिक सेवाहरुको उपलब्धता | १ | १ | १ | १ | प्रविष्ट कागजात |

| विषय क्षेत्रहरु | अवस्था | क्र.स. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाक | प्राप्तांक २०७८।०७९ | प्राप्ताङ्क २०७९/०८० | आ.व. २०८०/०८१ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा | ९ | ४ | ६.५ | **६.५** | |
| १०) सहकार्य र समन्वय0 | समग्र स्थिति | ९५ | १०.१.१. | संघ, प्रदेश र स्थानीय तह बीचको सहकार्य र समन्वय ( नेपालको संविधानको धारा ३५ ) | १ | ० | ० | ० | प्रविष्ट कागजात |
| | | ९६ | १०.१.२ | अन्तर स्थानीय तह सहकार्य र समन्वय ( प्राकृतिक श्रोतको संरक्षण र उपयोग, पूर्वाधार निर्माण, वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन, आपतकालीन सेवा व्यवस्थापन, राजश्व सङ्कलन आदी ) ( स्थाससंऐन २०७४ को दफा २६ ) ( सह-लगानीका योजनाहरुः ल्याण्डफिल साईट, अग्नी नियन्त्रण, सडक हरीयाली, प्लाष्टिक नियन्त्रण, स्वास्थ्य शिक्षा, रंगशाला, खेलकुद, पर्यटन, बोटानिकल गार्डेन, नदी नियन्त्रण, 0सिंचाई, खानेपानी आदी ) | १ | ० | ० | ० | प्रविष्ट कागजात |

| विषय क्षेत्रहरु | अवस्था | क्र.स. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाक | प्राप्तांक २०७८।०७९ | प्राप्ताङ्क २०७९/०८० | आ.व. २०८०/०८१ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रक्रियागत स्थिति | ९७ | १०.२.१ | दुई वा सो भन्दा बढी स्थानीय तहको सरोकारको विषयमा बन्ने समितिहरुको गठन र संचालन ( स्थाससंऐ २०७४ को दफा २६ अर्न्तगत ) | १ | ० | ० | १ | प्रविष्ट कागजात |
| | परिमाणात्मक स्थिति | ९८ | १०.३.१. | अन्तर सरकारी समन्वय तथा सहजीकरण | १ | ० | १ | ० | प्रविष्ट कागजात |
| | | ९९ | १०.३.२ | .अन्तर स्थानीय तह साझेदारी | १ | ० | ० | १ | प्रविष्ट कागजात |
| | | १०० | १०.३.३. | जिल्ला समन्वय समितिसँगको समन्वय | १ | ०.५ | ० | १ | प्रविष्ट कागजात |
| जम्मा | | | | | ६ | ० | १ | ३ | प्रविष्ट कागजात |
| कुल जम्मा | | | | | १०० | ५२ | ५८ | ६५.५ | |

# स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन २०८०/०८१

FIDUCIARY RISK ASSESSMENT (FRA)

# मुल्याङ्कन तालिका

| | | |
|---|---|---|
| **१. योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन (२१)** | | |
| १.१ प्रकियाको व्यवस्थापन | | |
| १.१.१ मध्यमकालीन खर्च संरचना सहित विनियोजन ऐन, आर्थिक ऐन र वार्षिक बजेट तथा कार्यक्रमलाई असार १० गतेभित्र सभामा पेश गरी सभाबाट असार मसान्तसम्ममा पारित गरिएको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१) | ० | |
| १.१.२.१ एकीकृत/आवधिक विकास योजना तर्जुमा गर्दा भौगोलिक सूचना प्रणाली (Geographical Information System) मा आधारित रही स्थानगत आधार(Spatial Based) मा तयार भएको । | ० | |
| १.१.२.२ एकीकृत/आवधिक विकास योजना तर्जुमा गर्दा सो योजनामा श्रोत नक्सा सहित भू-उपयोग योजना, यातायात गुरुयोजना, वातावरण व्यवस्थापन योजना, स्थानीय पूर्वाधार विकास योजना, स्थानीय आर्थिक विकास योजना र सामाजिक विकास योजना समेत समावेश गरी सभाबाट स्वीकृत गरिएको। | ० | |
| १.१.३ एकीकृत आवधिक विकास योजना तर्जुमा गर्दा सो योजना कार्यान्वयनका लागि योजना अवधिभरका निमित्त आवश्यक स्रोत र साधनको अनुमान सहित परियोजनाको सूची तयार गरिएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (४) | ० | |
| १.१.४ स्थानीय तहको क्षेत्रमा कार्यरत गैरसरकारी संस्था र सामुदायिक संघसंस्थाले आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय तहको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गरेर मात्र कार्यान्वयनमा ल्याउने गरेको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ (२) (ख) | १ | |
| १.१.५ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले फागुन महिनाभित्र आगामी वर्षका लागि स्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गरी सो सीमाअनुसार सभाबाट बजेट तथा कार्यक्रम पारित भएको ।(स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (३) (ग) | ०.५ | |
| १.१.६ आगामी आ.व.को बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत बजेट प्रक्षेपण गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (३) र (६) | ० | |
| १.१.७.१ वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमाका लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन भई सो समितिले आगामी आ.व.का लागि विषयगत क्षेत्रको बजेट सीमा निर्धारण गरेको र सोही सीमाभित्र रही विषयगत क्षेत्रको वजेट तथा कार्यक्रम तर्जुमा गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६) | ०.५ | |
| १.१.७.२ आगामी वर्षको बजेट सीमालाई चालु आ.व.को वैशाख १५ गतेभित्र प्रमुख प्रशासकीय अधिकृतले विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई उपलब्ध गराएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६) | ०.५ | |
| १.१.८.१ जुनसुकै स्रोतबाट प्राप्त भएको चल अचल सम्पत्तिको जिन्सी आम्दानी बाँधी लगत राखेको । | ०.५ | |
| १.१.८.२ जुनसुकै स्रोतबाट प्राप्त भएको चल अचल सम्पत्तिको प्रयोग गर्नेको भर्पाई सहितको सहायक खाता रहेको । | ०.५ | |
| १.१.९ बजेट तथा कार्यक्रम तर्जुमा गर्दा संघ र प्रदेशबाट प्राप्त मार्गदर्शनको पालना भएको। | १ | |
| १.१.१०.१ वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमाका लागि स्थानीय तहको उपाध्यक्ष वा | १ | |

| | | |
|---|---|---|
| उपप्रमुखको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन भई सो समितिको बैठक बस्ने गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७) | | |
| १.१.१०.२ वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमाका लागि समितिले निर्धारण गरेको बजेट सीमाभित्र रही स्थानीय योजना तथा कार्यक्रमलाई प्राथमिकीकरण गरी बजेट विनियोजन गर्ने गरिएको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७) | १ | |
| १.१.११ वैदेशिक सहायतामा सञ्चालित कार्यक्रमहरू नेपाल सरकारको स्वीकृति लिएर मात्र सञ्चालन गरिएको । (अन्तर-सरकार वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १२-४) | १ | |
| १.१.१२.१ स्थानीय तहले आन्तरिक ऋण लिनुअघि नेपाल सरकारको सहमति लिई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको सीमाभित्र लिने गरिएको । (अन्तर-सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा १४-३ र 16-1) | ०.५ | |
| १.१.१२.२ स्थानीय तहले आन्तरिक ऋण लिनुअघि स्थानीय तहको ऋण दायित्वको अद्यावधिक अभिलेख राखिएको। (अन्तर-सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा १४-३ र 16-1) | ०.५ | |
| .१.१३ आगामी आर्थिक वर्षको लागि आय-व्ययको प्रक्षेपण गरी यससम्बन्धी प्रतिवेदनलाई प्रत्येक वर्षको पौष मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेश गरेको । (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा १८) | १ | |
| .१.१४ संचित कोषको व्यवस्थापनका लागि एकल खाताको प्रयोग हुने गरेको। | १ | |
| १.१.१५ स्थानीय तहमा रहेका विभिन्न कोषहरुको व्यवस्था तथा सञ्चालन गर्दा कानून बनाएर मात्र गर्ने गरिएको। | १ | |
| १.२ नतिजा व्यवस्थापन | | |
| १.२.१ स्वीकृत आवधिक/एकीकृत योजनाको परियोजना सूचीमा उल्लिखित परियोजनालाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी पूर्णरूपमा कार्यान्वयनमा ल्याइएको । (स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५(नमुना) को दफा १ (५) | ० | |
| १.२.२ आफूले उठाएको राजश्व र राजस्व बाँडफाँट बाट प्राप्त हुने रकम सहितको कुल राजश्व रकमबाट आफ्नो सम्पूर्ण प्रशासनिक खर्च पूरा गरी बाँकी रकम विकास निर्माण कार्यमा उपयोग गरेको। (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा २१ (४) | १ | |
| १.३ वित्तिय अनुशासनका उपायहरु | | |
| १.३.१ राजस्व परिचालन र खर्च गर्दा सभाबाट पारित आर्थिक ऐन, विनियोजन ऐन तथा वार्षिक बजेट तथा कार्यक्रमको सीमा भित्र रही खर्च गर्ने गरेको।(स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१) | १ | |
| १.३.२ चालु आ.व.को बजेट तथा कार्यक्रममा महामारी तथा विपद् व्यवस्थापनका लागि बाहेक अन्य कार्यक्रमको हकमा आयोजनागत रूपमा बजेट बाँडफाँट गरिएको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) र ६६ (८) | १ | |
| १.३.३ गत आ.व.मा वित्तीय समानीकरण अनुदानको रकम प्रशासनिक खर्चमा उपयोग नभएको । (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा २१-४) | १ | |
| १.३.४ गत आ.व.को बजेटमा पुंजीगत खर्चको रूपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर नगरिएको । (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा २९) | १ | |
| **कुल जम्मा** | **१६.५०** | |

| २. **कार्यान्वयन क्षमता तथा व्यवस्थापन (२९)** | | |
|---|---|---|
| **२.१ प्रक्रियाको व्यवस्थापन** | | |
| २.१.१ कार्यपालिकाको बैठक कम्तीमा महिनाको एकपटक बस्ने गरेको। (स्थानीय सरकार सञ्चालन ऐनको दफा १७) | ० | |
| २.१.२ स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको र विपद् व्यवस्थापन कोषको स्थापना र परिचालन कानुन अनुसार भएको । (विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७, स्थानीय सरकार सञ्चालन ऐनको दफा ११(२) | १ | |
| २.१.३ गत आ.व.मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भई खर्च हुन नसकेको सःसर्त अनुदानको रकम सोही आ.व.मा सम्वन्धित सरकारलाई फिर्ता गरेको । | १ | |
| २.१.४ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही आफ्नो सभाबाट स्वीकृत गराई उत्पादनशील रोजगारमूलक, आन्तरिक आय वृद्धि तथा पूँजीगत कार्यका लागि मात्र आन्तरिक ऋण परिचालन गरिएको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८) (1) | १ | |
| २.१.५ चालु आ.व.को बजेट सभाबाट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(१) | १ | |
| २.१.६ सार्वजनिक खरिद ऐनको परिधिभित्र रही सार्वजनिक खरिदसम्बन्धी नियमावली तयार गरी सभाबाट पारित गरिएको र यसलाई कार्यान्वयनमा ल्याईएको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) | ० | |
| २.१.७.१ पूर्वाधारका योजनाहरू कार्यान्वयन गर्न नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएको सिभिल इन्जिनियरको व्यवस्था गरेको । | ०.५ | |
| २.१.७.२ नक्सा पास तथा सहरी विकासका लागि नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएको आर्किटेक इन्जिनियरको व्यवस्था गरी लागत अनुमान, सुपरिवेक्षण र प्राविधिक जाँचपास तथा नक्सा पासको काम गर्ने गरिएको। | ०.५ | |
| २.१.८ कार्यालयमा रिक्त रहेका स्थायी कर्मचारीको पूर्तिका लागि नियमितरुपमा प्रदेश लोकसेवा आयोगमा माग आपूर्ति फारम भरी पठाईएको । | १ | |
| २.१.९.१ उपभोक्ता समितिलाई परियोजना सञ्चालनबारेमा अभिमुखीकरण गर्ने गरिएको। | ०.५ | |
| २.१.९.२ उपभोक्ता समिति गठन गर्दा परियोजना स्थलमा नै टोल विकास सस्था मार्फत आम भेला गराई परियोजना क्षेत्रका लाभग्राही जनताबाट नै उपभोक्ता समिति गठन हुने गरेको । | ०.५ | |
| २.१.१० बोलपत्रको माध्यमबाट सार्वजनिक खरिद गर्दा इच्छुक बोलपत्र दाताहरुलाई बोलाई पूर्व बोलपत्र (Pre-Bid) बैठक गर्ने गरिएको । (सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५२) | ० | |
| २.१.११ प्रत्येक आर्थिक वर्ष सुरु हुनुभन्दा पन्ध्र दिन अगावै आफ्नो क्षेत्रभित्रका निर्माण कार्य तथा अन्य सेवा प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्ने गरेको। (स्थानीय सरकार सञ्चालन ऐनको दफा १३) | १ | |
| २.१.१२ समपूरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरुमा यससम्बन्धी कार्यविधिले निर्धारण गरेअनुसार लागत साझेदारीको लागि बजेट विनियोजन गरिएको। | १ | |
| २.१.१३ २० हजार रुपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गर्दा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेको व्यक्ति, संस्था, फर्म वा कम्पनीबाट मात्र खरिद गर्ने गरिएको । | १ | |
| २.१.१४ सार्वजनिक खरिदका लागि खरिद ऐन तथा नियमावली बमोजिम खरिद एकाइ तथा मूल्यांङ्कन समिति गठन भई सो समिति क्रियाशील भएको । | १ | |

| | | |
|---|---|---|
| **२.२ नतिजा व्यवस्थापन** | | |
| २.२.१ गत आ.व.मा नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान र समपुरक अनुदानको रकम शतप्रतिशत खर्च भएको । (भौतिक प्रगति सतप्रतिशत भए पूरा अंक पाउने) | १ | |
| २.२.२ गत आ.व. मा कुल पूँजीगत बजेटको कम्तीमा ८० प्रतिशतभन्दा बढी वित्तीय प्रगति भएको । | १ | |
| २.२.३ सडक यातायात गुरुयोजनाले तोकेको वार्षिक लक्ष्यको ८० प्रतिशतभन्दा वढी सडक निर्माण भएको । | १ | |
| २.२.४ स्थानीय तह संस्थागत मूल्याङ्कनमा ९० प्रतिशतभन्दा बढी अंक प्राप्त गरेको। | ० | |
| **२.३ वित्तिय अनुशासनका उपायहरु** | | |
| २.३.१.१ गत आ.व.मा बहुवर्षिय योजना वा आयोजनाका लागि खरिद गर्दा वा वार्षिक १० करोड रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा स्वीकृत खरिद गुरुयोजना अनुसार मात्र खरिद भएको, (सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ७) | ० | |
| २.३.१.२ वार्षिक १० लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा स्वीकृत वार्षिक खरिद योजनाअनुसार मात्र खरिद भएको । (सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ७) | ० | |
| २.३.२ गत आ.व.मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त सःसर्त अनुदान जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च भएको। (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) | १ | |
| २.३.३.१ उपभोक्ता समितिले जिम्मा लिएको कार्यहरू उपभोक्ता समितले ठेकेदारलाई ठेक्कामा दिने नगरेको । (सार्वजनिक खरिद नियमावलीको नियम ९७(३) र ९७(१०) | ० | |
| २.३.३.२ उपभोक्ता समितिबाट हुने कार्यमा स्थानीय उपभोक्ताहरूले परियोजना लागतको सभाबाट तोकिए बमोजिमको न्यूनतम लागत सहभागिता जुटाएको । (सार्वजनिक खरिद नियमावलीको नियम ९७(३) र ९७(१०) | ० | |
| २.३.४ सभाबाट सुशासन, विधायन र लेखा समिति गठन भएको। (स्थानीय सरकार सञ्चालन ऐनको दफा २२ ) | १ | |
| २.३.५ निर्वाचित पदाधिकारीलाई प्रदेश कानुन बमोजिम मात्र सुविधा दिएको। (नेपालको संविधान धारा २२७) | १ | |
| २.३.६ निर्वाचित पदाधिकारीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा रहेको सम्पत्तिको विवरण सम्बन्धित स्थानीय तहमा पेस गरी प्रदेशमा पठाएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११०) | १ | |
| २.३.७ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दिएका सुझाव कार्यान्वयन भएको। (अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८) | १ | |
| २.३.८ पाँच लाख सम्मका आयोजनाहरुमा विनियोजित बजेटको हिस्सा कुल पूँजीगत बजेटको ३० प्रतिशतभन्दा बढी नरहेको । | १ | |
| २.३.९ गैर सरकारी सस्था (गैसस) मार्फत योजना कार्यान्वयन गरेको अवस्थामा गैससको नगद लागत साझेदारी ३० प्रतिशतभन्दा बढी रहेको । | १ | |
| २.३.१० सञ्चालन गरिएका योजनाहरू सम्पन्न भएपछि प्राविधिक जाँचपास गरी कार्यपालिकाको बैठकबाट यस्ता योजनाको फरफारकसमेत गर्ने गरिएको। | १ | |
| २.३.११ ठेक्कापट्टामा e-bidding प्रणाली पूर्णरूपमा कार्यान्वयनमा ल्याइएको। | १ | |
| **कुल जम्मा** | **२३** | |

| ३. **लेखाङ्कन तथा प्रतिवेदन (१७)** | | |
|---|---|---|
| **३.१ प्रकियाको व्यवस्थापन** | | |
| ३.१.१ नेपाल सरकारबाट स्वीकृत भए अनुसार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली सूत्र (SUTRA) प्रयोगमा ल्याएको । (अन्तर-सरकार वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ३१) | १ | |
| ३.१.२ धरौटीको कच्चावारी राखेको र गतवर्षको मौज्दात चालु वर्षमा जिम्मेवारी सारेको। | १ | |
| ३.१.३ नेपाल सरकारबाट स्वीकृत सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) कार्यान्वयनमा ल्याएको । | १ | |
| ३.१.४ गत आ.व. भन्दा अघिल्लो आ.व.को आय-व्यय र बजेट कार्यान्वयनको बारेमा गत आ.व. को पहिलो चौमासिक अवधि भित्र वार्षिक समीक्षा गरी समीक्षा प्रतिवेदनलाई कार्तिक मसान्त भित्र वेबसाइटबाट सार्वजनिक गरिएको। (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३०(३) | १ | |
| ३.१.५ सशर्त, समपूरक र विशेष अनुदानको खर्च र उपलब्धिको प्रगति प्रतिवेदन नियमित रुपमा संघ र प्रदेशका सम्बन्धित निकायमा पठाउने गरेको। | १ | |
| ३.१.६ स्थानीय सञ्चित कोषको चौमासिक शीर्षकगत विवरण महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा तयार गरी चौमासिक अवधि सकिएको १५ दिनभित्र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सङ्घीय अर्थ मन्त्रालय र प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयमा उपलब्ध गराएको । (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा ३२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (५) | १ | |
| ३.१.७ प्रमुख प्रशासकीय अधिकृतले स्थानीय तहको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति विवरण त्यस्तो अवधि समाप्त भएको १५ दिनभित्र कार्यपालिकाको बैठकमा पेस गर्ने गरेको। (स्थानीय सरकार सञ्चालन ऐनको दफा ७६ (३) | ० | |
| ३.१.८ आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गरेको। (स्थानीय सरकार सञ्चालन ऐनको दफा ७६ (४) | ० | |
| ३.१.९ धरौटी खाताको रकम अन्य प्रयोजनमा खर्च नभएको र फिर्ता गर्नु पर्ने धरौटी खाताको रकम नियमानुसार फिर्ता गरिएको। | १ | |
| ३.१.१० दैनिक भ्रमण भत्ताको अभिलेख (भ्रमण खाता) राख्ने गरिएको र भ्रमण प्रतिवेदन बिना दैनिक भ्रमण भत्ताको भुक्तानी वा यसको पेस्की फछ्यौट नगरेको । | १ | |
| **३.२ नतिजा व्यवस्थापन** | | |
| ३.२.१ राजश्व बाँडफाँटका लागि स्थानीय विभाज्य कोष खडा गरेको। (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा ६ ) | १ | |
| ३.२.२ कुल लाभग्राहीको सामाजिक सुरक्षा भत्ता बैंकमार्फत भुक्तानी भई भुक्तानी पाउने व्यक्तिको विवरण वेबसाइटबाट सार्वजनिक गरेको। | १ | |
| ३.३ वित्तिय अनुशासनका उपायहरु<br>३.३.१ कार्यपालिकाले रकमान्तर गर्दा स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई गरेको। (स्थानीय सरकार सञ्चालन ऐनको दफा ७९-३) | ० | |
| ३.३.२ गत आ.व.को अन्त्यमा म्याद नाघेको पेस्की नरहेको | १ | |
| ३.३.३ राजनीतिक दल वा तिनका भ्रातृ वा भगिनी संगठनहरूलाई आर्थिक सहायता वा अनुदान प्रदान नगरिएको । | १ | |
| ३.३.४ एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम स्थानीय सञ्चित कोषमा जम्मा | १ | |

| | | |
|---|---|---|
| भएको । (स्थानीय सरकार सञ्चालन ऐनको दफा ७५) | | |
| ३.३.५ स्थानीय तहले गर्ने भुक्तानी बैंकिङग प्रणालीबाट (नगदरहित भुक्तानी) भएको । (स्थानीय सरकार सञ्चालन ऐनको दफा १२ (२) | १ | |
| **कुल जम्मा** | **१४** | |
| ४. अनुगमन मुल्याङ्न तथा लेखा परिक्षण | | |
| **४.१ प्रकियाको व्यवस्थापन** | | |
| ४.१.१.१ गत आ.व.मा अन्तिम लेखापरीक्षणको प्रतिवेदन सो प्राप्त भएको मितिले १५ दिनभित्र आफ्नो वेबसाइटबाट सार्वजनिक गरेको । | ०.५ | |
| ४.१.१.२ महालेखा परीक्षकले जारी गरेको प्रतिवेदन सभामा पेस गरी छलफल हुने गरेको (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३०) | ० | |
| ४.१.२.१ आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियतलाई अन्तिम लेखापरीक्षण हुनु आगावै सम्परीक्षण गरेको । | १ | |
| ४.१.३ उपप्रमुख वा उपाध्यक्षले योजना तथा कार्यक्रमको सुपरिवेक्षण गरी सोको प्रतिवेदन मासिक रूपमा कार्यपालिकाको बैठकमा पेश गर्ने गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६) | ० | |
| ४.१.४ वडाभित्र सञ्चालित योजनाको अनुगमन गरी पृष्ठपोषण दिन वडास्तरीय अनुगमन समिति गठन गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ ) | १ | |
| ४.१.५ कार्यालयमा सबैले देख्ने स्थानमा नागरिक बडापत्र राखिएको । (सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ दफा २५) | १ | |
| **४.२ नतिजा व्यवस्थापन** | | |
| ४.२.१ गत आर्थिक वर्षमा सोभन्दा अघिल्लो आ.व.को अन्तिम लेखापरीक्षण गर्दा आर्थिक कारोबारमा कुल खर्चको २ प्रतिशतभन्दा कम बेरुजु रहेको । | १ | |
| ४.२.२ वर्षमा कम्तीमा एकपटक कार्यालयको सम्पत्तिको अभिलेख तथा जिन्सी मालसामानको अवस्थाबारे जिन्सी निरीक्षण प्रतिवेदन लिई सम्पत्तिको संरक्षणको व्यवस्था गरिएको। (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ५५ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९) | १ | |
| ४.२.३ सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख राखी सभालाई समेत जानकारी गराएको । (स्थानीय सरकार सञ्चालन ऐनको दफा ११-२ (ड) (4) | ० | |
| ४.३ वित्तिय अनुशासनका उपायहरु | | |
| ४.३.१ स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन योजना, कार्यक्रम, आयोजनाको कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा पारेको समग्र योगदानबाट आफ्नो सामाजिक जिम्मेवारी पूरा भए नभएको सन्दर्भमा लेखाजोखा गर्न सरोकारवाला समेतलाई भेला गराई सामाजिक परीक्षण गरेको। (स्थानीय सरकार सञ्चालन ऐनको दफा ७८ (५) | ० | |
| ४.३.२ प्रत्येक चौमासिकमा कम्तिमा १(एक) पटक आफूले गरेको कामको सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्ने गरिएको। (सुशासन नियमावलीको नियम १९) | १ | |
| ४.३.३ कार्यालयबाट भएको काम कारबाहीको विषयमा सर्वसाधारणलाई जानकारी दिन कुनै अधिकृतलाई प्रवक्ता तोकी निजमार्फत कम्तीमा महिनाको एक पटक भए गरेको कामकारबाहीको | ० | |

| | | |
|---|---|---|
| विषयमा सार्वजनिक रूपमा जानकारी दिएको। (सुशासन ऐनको दफा ३५) | | |
| ४.३.४ आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य सम्पादन र वित्तीय प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण सम्बन्धी कानुन पारित गरी आन्तरिक नियन्त्रण प्रणाली कार्यन्वयनमा ल्याइएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८) (1) | ० | |
| ४.३.५.१ स्थानीय तहले पदाधिकारी तथा कर्मचारीका लागि आचारसंहिता बनाई लागू गरेको । | ०.५ | |
| ४.३.५.२ निर्णय गर्न पाउने पदाधिकारी आफ्नो स्वार्थ बाझिएका विषयसम्बन्धी निर्णयमा सहभागी नभएको। (सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १८) (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११2) | ० | |
| ४.३.६ गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरीक्षण गर्दा असुल उपर गर्नुपर्ने कुनै बेरुजु नभएको। | १ | |
| ४.३.७ योजनाको अन्तिममा भुक्तानी दिंदा योजना स्थलमा टोल विकास संस्थाको सहभागितामा योजनाको लाभग्राही भेला गरी आय-व्यय, प्रगति, प्रक्रिया र योजनाको गुणस्तरको बारेमा सार्वजनिक परीक्षण गरेर मात्र भुक्तानी दिने गरिएको। | ० | |
| ४.३.८ वेरुजुको अद्यावधिक लगत तयार गरेको र फछ्यौटका लागि सम्बन्धित निकायमा पत्राचार गरेको। | १ | |
| **कुल जम्मा** | **९** | |
| **५. राजश्व व्यवस्थापन** | | |
| **५.१ प्रकियाको व्यवस्थापन** | | |
| ५.१.१ आगामी आर्थिक वर्षका लागि आय-व्यय प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण सङ्घीय अर्थ मन्त्रालयमा पठाएको। (अन्तर-सरकार वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८-१) | ० | |
| ५.१.२ आफ्नो क्षेत्राधिकार भित्र रही सभाबाट पारित आर्थिक ऐन अनुसार मात्र राजस्वका दर रेट निर्धारण र राजस्वको व्यवस्थापन गरेको। (नेपालको संविधानको धारा २२८) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५४) | १ | |
| ५.१.३ आफ्नो अधिकार क्षेत्रभित्र रहेका आन्तरिक स्रोतको दर र दायरा बढाउन राजश्व परामर्श समितिले आन्तरिक कार्यदल गठन गरेको र प्रमुख करहरूको नक्साङकन समेत गरी राजस्व प्रक्षेपण गरेको। | १ | |
| ५.१.४ गत आर्थिक वर्षमा घर जग्गा रजिष्ट्रेसन शुल्क, मनोरञ्जन कर, तथा विज्ञापन करबाट उठेको रकममध्ये तोकिए बमोजिमको रकम प्रदेश सरकारको सञ्चित कोषमा जम्मा गरेको । (अन्तर-सरकार वित्त व्यवस्थापन ऐन, २०७४ को प्रावधान) | १ | |
| ५.१.५ स्थानीय कानुनबमोजिम मात्र आकस्मिक कोष सञ्चालनमा ल्याएको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७०) | ० | |
| ५.१.६ सूचना प्रविधिको प्रयोग गरी सम्पत्ति कर, व्यवसाय कर, मालपोत, मनोरञ्जन कर, विज्ञापन कर र बहाल करको नक्साङकन गरी यसलाई सूचना प्रविधिबाट अभिलेख राखिएको। | ० | |
| ५.१.७ करदातालाई कर सम्बन्धी सूचना वा फारामहरू निःशुल्क रूपमा उपलब्ध गराइएको । | १ | |
| ५.१.८ कर, दस्तुर, सेवा शुल्कको दर रेट तथा यस सम्बन्धी प्रक्रियाहरूको अद्यावधिक विवरण करदाताले सजिलै देख्न र बुझ्न सक्ने गरी कर शाखामा र वेबसाइटमा राखिएको। | ० | |
| ५.१.९.१ सबै वडाबाट कर संलकन गर्ने गरिएको । | ०.५ | |
| ५.१.९.२ सबै वडामा नक्सा पास प्रणाली कार्यान्वयनमा ल्याएको। | ०.५ | |

| | | |
|---|---|---|
| **५.२ नतिजा व्यवस्थापन** | | |
| ५.२.१.१ गत आर्थिक वर्षमा सोभन्दा अघिल्लो आ.व.को तुलनामा कम्तीमा १० प्रतिशतले आन्तरिक आय (आफूले उठाएको रकम) वृद्धि भएको | ० | |
| ५.२.१.२ करदाताको सङ्ख्या समेत हरेक वर्ष कम्तीमा १० प्रतिशतले वृद्धि भएको। | ० | |
| ५.२.२.१ गत आ.व.मा राजस्व परामर्श समितिले गरेको राजस्व अनुमानको ९० प्रतिशतभन्दा बढी राजस्व संकलन भएको । | ० | |
| ५.२.२.२ कुल बजेटमा आन्तरिक आयको हिस्सा २० प्रतिशतभन्दा बढी रहेको । | ० | |
| ५.३ वित्तिय अनुशासनका उपायहरु | | |
| ५.३.१ संकलन गरेको राजश्व अर्को दिनभित्र बैङ्कमा जम्मा हुने गरेको। (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा २७ र स्थानीय तहको आर्थिक कार्यविधि कानुन) | ० | |
| ५.३.२ नदीजन्य पदार्थ र साधारण निर्वाहमुखी खनिज पदार्थको ठेक्कापट्टा लगाउँदा घाटगद्दी गरेर मात्र उक्त पदार्थको बिक्री वा निकासी हुने गरेको। | १ | |
| ५.३.३.१ गत आर्थिक वर्षमा कुनै पनि राजस्व मिनाहा नदिएको । | ०.५ | |
| ५.३.३.१ सम्झौता बमोजिमको समयमा आय ठेक्काको रकम दाखिला भएको । | ०.५ | |
| ५.३.४.१ सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२) (ख) | ० | |
| ५.३.४.२ सामुदायिक वनले वन पैदावारको बिक्रीबापत प्राप्त रकमको १० प्रतिशत रकम स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्ने गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२) (ख) | ० | |
| ५.३.५.१ आय ठेक्कामा बैंक ग्यारेन्टी लिएर मात्र सम्झौता भएको । | ०.५ | |
| ५.३.५.२ समयमा ठेक्का रकम दाखिला नगर्ने ठेकेदारलाई कर्वाही गरी बैंक ग्यारेन्टीको रकम खिचेर रकम असुल उपर गर्ने गरिएको। (बैंक ग्यारेन्टी लिएको र सबै आय ठेक्काको रकम समयमा नै दाखिला गरेको भए अंक पाउने) | ०.५ | |
| ५.३.६ गत विगतमा उठाउन बाँकी कुनै बक्यौता राजस्व नरहेको । | १ | |
| कुल जम्मा | ९ | |
| कुल प्राप्ताङ्क | ७१.५० | |


# स्थानीय आर्थिक विकास मुल्याङ्कन

## LOCAL ECONOMIC DEVELOPMENT ASSESSMENT

## २०८०/०८१ को अन्तिम नतिजा


| सि.नं | विषयक्षेत्र विवरण | कुल पुर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | स्थानीय आर्थिक नीति तथा योजना | २४ | १५ |
| २ | आर्थिक विकास पुर्वाधार | २६ | १३ |
| ३ | आर्थिक सशक्तिकरण | २४ | ११ |
| ४ | उद्यमशिलता विकास तथा औद्योगिक प्रवर्द्धन | २६ | १२ |
| | कुल जम्मा | १०० | ५१ |

| आ.व. २०८०/०८१ को स्थानीय संस्थागत क्षमता स्व-मुल्याङ्कन LISA को  नतिजा | | | |
|---|---|---|---|
| **क्र.स** | **विषय सूचक** | **कुल पुर्णाङ्क** | **प्राप्ताङ्क** |
| १ | शासकीय प्रवन्ध | ९ | ६.७५ |
| २ | संगठन तथा प्रशासन | ८ | ४.५० |
| ३ | वार्षिक बजेट तथा योजना | ११ | ७.०० |
| ४ | वित्तिय एंव आर्थिक व्यवस्थापन | ११ | ७.७५ |
| ५ | सार्वजनिक सेवा प्रवाह | १६ | १३.५० |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ७.०० |
| ७ | भौतिक पूर्वाधार | १३ | ५.५० |
| ८ | सामाजिक समावेशिकरण | १० | ४.०० |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ६.५० |
| १० | समन्वय र सहकार्य | ६ | ३.०० |
| | **जम्मा** | **१००** | **६५.५०** |





आ.व. २०८०/०८१ को स्थानीय संस्थागत क्षमता स्व-मुल्याङ्कन LISA को नतिजाको ग्राफमा सांख्यिकीय विश्लेषण प्रतिवेदन

| आ.व. २०८०/०८१ को वित्तिय सुशासन जोखिम मुल्याङ्कन (FRA) को नतिजा | | | |
|---|---|---|---|
| **क्र.स** | **विषय सूचक** | **कुल पुर्णाङ्क** | **प्रासाङ्क** |
| १ | योजना बजेट तथा कार्यक्रम व्यवस्थापन | २१ | १६.५० |
| २ | कार्यान्वयन क्षमता तथा व्यवस्थापन | २८ | २३.०० |
| ३ | लेखाङ्कन तथा प्रतिवेदन | १७ | १४.०० |
| ४ | अनुगमन मुल्याङ्कन तथा लेखा परिक्षण | १६ | ८.०० |
| ५ | राजश्व व्यवस्थापन | १७ | ८.०० |
| | **जम्मा** | **१००** | **७१.५०** |



| आ.व. २०८०/०८१ को आर्थिक विकास मुल्याङ्कन (LED) को नतिजा | | | |
|---|---|---|---|
| **क.स** | **विषय सूचक** | **कुल पुर्णाङ्क** | **प्रासाङ्क** |
| १ | स्थानीय आर्थिक नीति तथा योजना | २४ | १५ |
| २ | आर्थिक विकास पुर्वाधार | २६ | १३ |
| ३ | आर्थिक सशक्तिकरण | २४ | ११ |
| ४ | उद्यमशिलता विकास तथा औद्योगिक प्रवर्द्धन | २६ | १२ |
| | **जम्मा** | **१००** | **५१** |



माथि उल्लेखित गरिएका तथ्याङ्क तथा विश्लेष्ण नतिजाबाट गोलन्जोर गाउँपालिकाको विकास तथा सुशासन र सेवा प्रवाहमा देहाय अनुसारको सवल पक्ष र सुधारका लागि प्रस्तुत कार्ययोजना निर्माण गरी सुधारात्मक पक्षहरु पहिचान गरिएको छन् ।

क) स्थानीय तह संस्थागत क्षमता स्व-मुल्याङ्कन (LISA)

| सि.नं | LISA को विषय क्षेत्र | सवल पक्षहरु | सुधारका लागि कार्य योजना | जिम्मेवार शाखा | समय सिमा |
|---|---|---|---|---|---|
| १. | **शासकीय प्रवन्ध** | कार्यपालिका/अन्य बैठक विद्युतिय माध्यमवाट आह्वान | • कार्यपालिकाको नियमित वैठक बस्नुपर्ने<br>• कार्पालिकाको विषयगत समितिहरुको वैठक सञ्चालन हुनु पर्ने<br>• आन्तरिक नियन्त्रण प्रणालीको अवधारणा निर्माण हुनुपर्ने । | प्रशासन शाखा | २०८२ असाढ मसान्त सम्म |
| २. | **संगठन तथा प्रशासन** | संगठनात्मक संरचना निर्माण भई कर्मचारिहरुको कार्य विवरण तयार भएको | • सङ्घ र प्रदेशलाई पठाउनुपर्ने प्रतिवेदन र विवरणहरु नियमित रूपमा तोकिएको समयमा पठाई विवरणहरु कार्यालयको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने<br>• कर्मचारीहरुको कार्य सम्पादन सम्झौता बनाई लागु गर्नुपर्ने<br>• गोलन्जोर गाउँपालिके क्षमता विकास कार्यक्रममा बजेट बिनोयजन गरी पदाधिकारी र कर्मचारीहरुको उच्चतम सहभागिता सुनिश्चितता गर्नुपर्ने | प्रशासन शाखा | २०८२ असाढ मसान्त सम्म |
| ३. | **वार्षिक बजेट तथा योजना व्यवस्थापन** | योजना तर्जुमा दिग्दर्शनमा उल्लेखित प्राप्त मार्गदर्शन बमोजिम योजना तर्जुमा तथा कार्यान्वयन | • Spatial Based आवधिक विकास योजना, मध्यकालीन खर्च संरचना तर्जुमा गरी कार्यान्वयन हुनुपर्ने ।<br>• दिगो बिकासका लक्ष्यहरुको स्थानीयकरण सम्वन्धी नीति तथा कार्य योजना विकास हुनुपर्ने । | योजना तथा अनुगमन शाखा | २०८२ असाढ मसान्त सम्म |
| ४. | **वित्तिय एंव आर्थिक व्यवस्थापन** | सुत्र पुर्ण रुपमा कार्यान्वयन भई तोकिएको ढाँचामा आय व्यय विवरण सार्वजनिकिकरण | • प्रचलित कानुन अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयारी र कार्यान्वयन हुनुपर्ने ।<br>• आन्तरिक स्रोतका दर र दायरा सम्बन्धमा अध्ययन भई प्राप्त सुझाव पूर्ण रूपमा कार्यान्वन हुनुपर्ने । | आर्थिक प्रशासन शाखा | २०८२ असाढ मसान्त सम्म |
| ५. | **सार्वजनिक सेवा प्रवाह** | सेवा प्रवाहको लागि न्युनत्तम मापदण्डका प्रविधिहरु प्रयोगमा ल्याईएको<br>शिक्षा, स्वास्थ्य कृषि पशुपंक्षी क्षेत्रमा मध्यम सेवाको व्यवस्थापन भएको | • सेवा प्रतिको सन्तुष्टिको मापन गर्न गुनासो उजुरि र फर्छौटको व्यवस्थापन हुनुपर्ने ।<br>• सेवा प्रवाहको प्रविधि प्रयोगमा टोकन प्रणालीको प्रयोग हुनुपर्ने<br>• बिषयगत कार्यको लागि कानुन बन्नुपर्ने<br>• घुम्ति सेवाको एकिकृत रिपोर्टको अभिलेख तयार हुनुपर्ने ।<br>• कार्य विधि कानुन निर्माणमा जोड दिनुपर्ने । | प्रशासन शाखा | २०८२ असाढ मसान्त सम्म |
| ६. | **न्यायिक कार्य सम्पादन** | हरेक वडाहरुमा मेलमिलाप केन्द्रहरु स्थापना गरी वडाहरुवाट् न्याय निरुपण भई न्याय सम्पादन प्रभावकारी भएको देखिएको छ । | | न्यायिक समितको सचिवालय | २०८२ असाढ मसान्त सम्म |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | **भौतिक पूर्वाधार** | राष्ट्रिय भवनसंहिता र मापदण्ड निर्माण भई सो बमोजिम कार्यान्वयन भएको<br>खानेपानी सेवा विस्तार १० % बढी थपिएको छ । | • कानुनी व्यवस्था अनुरूप सबै आयोजनाहरुमा संक्षिप्त, प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) र वातावारणीय प्रभाव मूल्याङ्कन ( EIA ) गरी कार्यान्वयन हुनुपर्ने ।<br>• औद्योगिक पूर्वाधार निर्माण गर्नुपर्ने<br>• फोहोर मैला उचित मापदण्ड बनाई व्यवस्थापन गर्नुपर्ने ।<br>• सडक गुरुयोजना निर्माण नभएको । | पूर्वाधार विकास शाखा | २०८२ अषाढ मसान्त सम्म |
| ८. | **सामाजिक समावेशिकरण** | स्थानीय तहवाट गठन हुने समिति तथा उपसमिति र कार्यदल गठन गर्दा सामुनुपातिक कायम गरी निर्णय प्रकृयामा सहभागीता वृद्धि भएको छ ।साथै सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणालीबाट भुक्तानि गरिएको छ । | • सामजिक विभेद निवारण सम्वन्धी कार्य योजना तर्जुमा हुनुपर्ने<br>• टोल विकास संस्थालाई परिचालन गरी घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान सम्बन्धी कार्यक्रम पर्याप्त र प्रभावकारी बनाउनुपर्ने ।<br>• आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानमा गर्नको लागि बजेट तथा कार्यक्रम हुनुपर्ने । | सामाजिक विकास एंव महिला तथा बालबालिका शाखा<br>लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण उत्तरदायी बजेट परीक्षण (GESI Audit) गर्नुपर्ने | २०८२ अषाढ मसान्त सम्म |
| ९. | **वातावरण संरक्षण तथा विपद् व्यवस्थापन** | जोखिम क्षेत्रको नक्शाङ्कन<br>विपद व्यवस्थापन ऐन, योजना तथा निति निर्माण भएको<br>आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना र प्रयोग<br>टोल विकास समिति गठन तथा सञ्चालन सम्वन्धी कानुनको व्यवस्था | • विपद व्यवस्थापन कोषको आय/व्यय स्थानीय विपद व्यवस्थापन कोष मार्फत खर्च हुनुपर्ने । | • वन, वातावरण एंव विपद् व्यवस्थापन शाखा | २०८२ अषाढ मसान्त सम्म |
| १० | **सहकार्य र समन्वय** | विपदजन्य घटनाको सन्दर्भमा अन्तरपालिका र जिल्ला प्रशासन कार्यालय विच समन्वयत्माक बैठक | • स्थानीय तहले सङ्घीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्न विषयमा जोड दिनुपर्ने<br>• अन्तर स्थानीय तह सहकार्य र समन्वय (प्राकृतिक श्रोतको संरक्षण र उपयोग, पूर्वाधार निर्माण, वातावरण संरक्षण तथा फौहोरमैला व्यवस्थापन, आपतकालीन सेवा व्यवस्थापन,राजश्व सङ्कलन आदि) (स्थाससंऐन, २०७को दफा २६) (सहलगानीका योजनाहरू : ल्याण्डफिल साईट, अग्नी नियन्त्रण, सडक हरियाली, प्लाष्टिक नियन्त्रण, स्वास्थ्य शिक्षा, रंगशाला, खेलकुद, पर्यटन, बोटानिकल गार्डेन, नदी नियन्त्रण, सिंचाई, खानेपानी आदी) हरुमा नीति निर्माण भई समन्वय सहकार्य हुनुपर्ने | प्रशासन शाखा एंव योजना तथा अनुगमन शाखा | २०८२ अषाढ मसान्त सम्म |

ख) स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA)

| सि.नं | विषय सूचक | सबल पक्ष | सुधार गर्नुपर्ने पक्षहरु | जिम्मेवार शाखा | समय सिमा |
|---|---|---|---|---|---|
| १. | योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन | योजना तर्जुमा एंव बजेट तथा कार्यक्रमको नतिजामुलक कार्यान्वयन | • मध्यकालिन खर्च संरचना (आगामी आ.व.को बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत बजेट प्रक्षेपण नगरेको) एंव एकिकृत आवधिक विकास योजना नभएको<br>• स्वीकृत आवधिक/एकीकृत योजनाको परियोजना सूचीमा उल्लिखित परियोजनालाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी पूर्णरूपमा कार्यान्वयनमा नल्याईएको | योजना तथा अनुगमन /प्रविधिक शाखा | २०८२ अषाढ मसान्त सम्म |
| २. | कार्यान्वयन क्षमता तथा व्यवस्थापन | उपभोक्ता समितिलाई परियोजना सञ्चालनबारेमा अभिमुखीकरण गर्ने गरिएको गत आ.व. मा कुल पूँजीगत बजेटको कम्तीमा ८० प्रतिशतभन्दा बढी वित्तीय प्रगति भएको<br>निर्वाचित पदाधिकारीलाई प्रदेश कानुन बमोजिम मात्र सुविधा दिएको<br>अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दिएका सुझाव कार्यान्वयन भएको | • सार्वजनिक खरिद ऐनको परिधिभित्र रही सार्वजनिक खरिदसम्बन्धी नियमावली कार्यन्वयनमा नल्याईएको | • प्रशासन शाखा | • २०८२ अषाढ मसान्त सम्म |
| ३. | लेखाङ्कन तथा प्रतिवेदन | | • प्रमुख प्रशासकीय अधिकृतले स्थानीय तहको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति विवरण त्यस्तो अवधि समाप्त भएको १५ दिनभित्र कार्यपालिकाको बैठकमा पेस गर्ने नगरेको<br>• आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक नगरेको | आर्थिक प्रशासन शाखा | २०८२ अषाढ मसान्त सम्म |
| ४. | अनुगमन, मुल्यांकन तथा लेखापरीक्षण | जिन्शी निरिक्षण प्रतिवेदन तयार गरेको वेरुजुको अद्यावधिक लगत तयार गरेको र फछ्र्यौटका लागि सम्बन्धित निकायमा पत्राचार गरेको | • महालेखा परीक्षकले जारी गरेको प्रतिवेदन सभामा पेस गरी छलफल हुने नगरेको<br>• सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख राखी सभालाई समेत जानकारी नगराएको<br>• आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य सम्पादन | योजना तथा अनुगमन शाखा/आलेप शाखा | २०८२ अषाढ मसान्त सम्म |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | र वित्तीय प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण सम्बन्धी कानुन पारित गरी आन्तरिक नियन्त्रण प्रणाली कार्यन्वयनमा नल्याइएको<br>• योजनाको अन्तिममा भुक्तानी दिंदा योजना स्थलमा टोल विकास संस्थाको सहभागितामा योजनाको लाभग्राही भेला गरी आय-व्यय, प्रगति, प्रक्रिया र योजनाको गुणस्तरको बारेमा सार्वजनिक परीक्षण गरेर मात्र भुक्तानी दिने नगरिएको | | |
| ५. | राजस्व व्यवस्थापन | राजश्व संकलन अनलाईन प्रणाली मार्फत हुने गरेको<br>गत आर्थिक वर्षमा कुनै पनि राजस्व मिनाहा नदिएको | • आगामी आर्थिक वर्षका लागि आय-व्यय प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण गाउँकार्यपालिकाबाट निर्णय गराई सङघीय अर्थ मन्त्रालयमा नपठाएको।<br>• गत आर्थिक वर्षमा सोभन्दा अघिल्लो आ.व.को तुलनामा कम्तीमा १० प्रतिशतले आन्तरिक आय बढेको नपाईएको<br>• संकलन गरेको राजश्व अर्को दिनभित्र बैङ्कमा जम्मा हुने नगरेको<br>• सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत नगराएको | राजश्व शाखा | २०८२ अषाढ मसान्त सम्म |

निष्कर्ष एंव सुझावहरुः

स्थानीय सरकारको काम कार्वाहीलाई प्रभावकारी बनाउन राजनितिक प्रवद्धता, उपयुक्त प्रशासनिक संरचना, आवश्यक कानुनहरुको व्यवस्था, उपलब्धता तथा श्रोत साधनको उचित प्रबन्ध गरिनुपर्दछ । अनि मात्र स्थानीय तहबाट सुशासन, विकास तथा समृद्धिको लागि आधार तय हुन सक्छ।स्थानीय तहको सुशासन, विकास तथा समृद्धिको लक्ष्य हाँसिल हुन सक्छ । गोलन्जोर गाउँपालिकाले विकास निर्माण तथा सेवा प्रवाहको स्थिति आफैले स्व-मुल्याङ्कन गरी कमजोरी पक्ष पहिचान गरी अद्यावधिक रुपमा सुधार गरन सुधार कार्ययोजना विकास गरेको छ ।स्वास्थ्य, शिक्षा न्याय तथा पुर्वाधारको क्षेत्रमा उल्लेखनिय सुधार भएपनि आवधिक योजना ,कानुनी प्रवन्ध तथा दिगो लक्ष्यको स्थानीयकरण गर्न पहल गर्नुपर्ने छ ।

**<u>सुझावहरु</u>**

शासन प्रक्रियालाई संस्थागत गर्न र गाउँपालिकाहरुको कार्यसम्पादनको मूल्यांकन गर्नका लागि मापन योग्य मापदण्डका आधारमा यो प्रकृया पूरा गरिनु पर्दछ । यस संस्थागत लेखाजोखा विधिले केहि हदसम्म यो कार्यलाई सम्वोधन गर्दछ । आगामी दिनहरुमा स्थानीय र प्रादेशिक सरकारहरुसंगको परामर्शमा संघीय सरकारले बस्तुगत आधारमा स्थानीय सरकारहरुको कार्यसम्पादन र प्रभावमूल्यांकन गर्ने मापदण्डको विकास गर्न आवश्यक देखिन्छ । यसरी राम्रो कार्य गर्ने स्थानीय सरकारलाई निश्चित प्रोत्साहनप्रदानगर्नपनि धेरै आवश्यक छ ।

गोलन्जोर गा.पा.का सन्दर्भमा निम्न कुराहरु विशेष सुझाव भित्र पर्दछन् ।

- जिल्ला समन्वय समितिलाई गाउँपालीका संगको अन्तर सम्वन्ध अझै पनि सबल बनाउन कार्य गर्नुपर्ने जरुरी देखिन्छ
- अन्तर स्थानीय तह अनुभव आदान प्रदान तथा ज्ञान व्यवस्थापनका लागि दुई वा सो भन्दा बढी स्थानीय तहलाई एकै ठाउँमा प्रशिक्षण संचालन गर्नुपर्ने जरुरी देखिन्छ ।
- वास्तवमा भन्नुपर्दा निर्वाचित पदाधिकारीज्यूहरुमा ऐन, नियम, नियमावली, कार्यविधि आदिका बारेमा बुझाई बढाउन र क्षमता अभिवृध्दि गर्न अझै छलफल गर्नुपर्ने देखिन्छ ।
- प्रभावकारी कार्य सम्पादनकालागि निर्वाचित पदाधिकारीहरु तथा कर्मचारीहरुको विद्यमान सम्वन्धित कामको ज्ञानको तह अरु बढाउनु पर्ने देखिन्छ ।
- उपभोक्ता समितिको नेतृत्व विशेष गरी अध्यक्ष पदमा महिला तथा सिमान्तकृतलाई गराउन नीति तयार गरी उपभोक्ता समितिलाई समानुपातिक बनाउनु पर्ने देखिन्छ ।
- गाउँपालिकाले सम्पादन गरेका प्रत्येक गतिविधिको दस्तावेज तयार गरिनुका साथै सिकाई र असल अभ्यासको अभिलेखिकरण गरी ज्ञान व्यवस्थापन प्रणाली स्थापित गर्नु पर्ने देखिन्छ ।
- थप विषयगत क्षेत्र सार्वजनिक जवाफदेहिता व्यवस्थापन र ज्ञान व्यवस्थापन स्थानीय तहका लागि सान्दर्भिक देखिन्छ

- कार्यपालिका सदस्य, वार्ड सदस्य लगायत सबै सभासद्हरूको गाउंँपालिका तथा वडा समितिका कामहरू सञ्चालन गर्ने कार्य क्षमतामा समानता छैन त्यसैले उनीहरुको क्षमता बढाउनु आवश्यक छ ।
- संगठन संरचना, दररवन्दी र दरवन्दीको पद पूर्ति आदिलाई व्यवस्थित गर्न विषयगत समिति, विषयगत शाखा तथा जनप्रतिनिधि र कर्मचारीहरुको ब्यक्तिगत कार्यविवरण सहितको संगठन तथा व्यवस्थापन ONM/ सर्भे आवश्यक छ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरू कार्य दक्षतामा प्रभावकारिता ल्याउन कार्य जिम्मेवारी र कार्यविवरण तयार गरी कार्य सम्पादन सम्झौता गरिनु पने देखिन्छ ।
- व्यक्तिगत, संगठनात्मक र संस्थागत क्षमता आवश्यकताहरू सम्बोधन गर्न एउटा विशिष्ट क्षमता विकास योजना आवश्यक छ जसलाई आवधिकरुपमा अद्यावधिक गर्नुपर्दछ ।
- विशेष प्रकृतिका कार्यहरु भवननिर्माण सम्वन्धि नियमहरू, राजस्व सुधार, लैंगिक उत्तरदायी बजेट, संगठनात्मक विकास, विपदन्यूनिकरण आदि विषयमा गाउँपालिकालाई प्राविधिक सल्लाहको सहयोग आवश्यक छ ।
- रणनैतिक कार्ययोजनामा उल्लेख भएअनुसार प्रशिक्षण, कार्यशाला, भ्रमण आदि प्रभावकारी, समयबद्ध, व्यवस्थित तथा मितव्ययी तरिकाले कार्यान्वयनभएको सुनिश्चित गर्न आवश्यक छ ।
- नियमित अनुगमन र मुल्याङ्कनको प्रणालि मार्फत गाउँपालिकाका पदाधिकारी र कर्मचारीले आवश्यक सल्लाह र सुझाव लिन सकिने व्यवस्था जरुरी देखिन्छ ।

**अनुसुचिहरुः**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालले जारी गरेको स्थानीतय तह संस्थागत क्षमता स्व-मुल्याङ्कन कार्यविधि, २०७७ बमोजिमको निर्दिष्ट अनुसिचि

१। वार्षिक/चौमासिक प्रगति प्रतिवेदन/गोलन्जोर गाउँपालिका ।

२। गोलन्जोर गाउँपालिकावाट जारी गरिएको ऐन, कानुन, कार्यविधि, निर्देशिका ।

३। गोलन्जोर गाउँपालिकाको नीति, बजेट तथा कार्यक्रम

**प्रमाणिक आधारहरुको प्रतिलिपिहरुः** स्व-मुल्याङ्कनको वेव वेस प्रणालीमा अपलोड भएको छ ।